मजदुरद्वारा मजदुरका लागि नेपालको पहिलो पत्रिका

# श्रमिक खबर

संख्या ६१, मंसिर २०५७, मूल्य रु.१५/-



# सावधान

## हाम्रो मौलिक अधिकारमाथि प्रतिबन्ध लगाइदैछ ?





संख्या ६१ मंसिर १, २०५७

**सम्पादन बोर्ड**
मुकुन्द न्यौपाने
विष्णु रिमाल
उमेश उपाध्याय
विन्दा पाण्डे
कविन्द्र शेखर रिमाल

**ले-आउट**
नेस्वप्रेमयूका लागि
महेन्द्र श्रेष्ठ
वुद्धि आचार्य
किरण माली

**व्यवस्थापन**
विनोद श्रेष्ठ

**प्रकाशक**
नेपाल ट्रेड यूनियन महासंघ
कार्यालय तथा प्रकाशन विभाग
पो.ब.नं.१०,६५२,
मनमोहन मजदुर भवन
पुतलीसडक, काठमाडौं।
फोन : २४८०७२, २४५५३२
(हन्टिङ्ग लाइन)
फ्याक्स : २४८०७३
ई-मेल : info@gefont.org
वेभ साइट : www.gefont.org
मूल्य : रू. १५।-

**आवरण**
एम्ज माउस
२६५९४४

**मुद्रक**
इन्द्रेणी अफसेट
बागबजार, काठमाडौं।




**श्रमिक खबरको विज्ञापन दर रेट**

| | |
|---|---|
| आवरण पृष्ठ (पछाडि) रंगिन | १२,००० |
| आवरण पृष्ठ (भित्री) रंगिन | १०,००० |
| पूरा पृष्ठ (भित्री) सादा | ६,००० |
| आधा पृष्ठ (भित्री) सादा | ४,००० |
| चौथाई पृष्ठ (भित्री) | ३,००० |
| न्यूनतम (भित्री) सादा | २,००० |

नोटः अग्रिम भुक्तानीमा १०५ छुट तथा वार्षिक विज्ञापन ग्राहकका लागि १५५ छुट दिइनेछ ।


# हाम्रो भनाई

श्रमिक खवरको ६० औं अंक हाम्रा पाठकले कस्तो ठान्नुभयो होला ? सम्पादनमा रहेन हामी सवैलार्य खसखस लाग्नुस्वाविकै हो । मौखिक रूपमा धेरै पाठकहरूलाई प्रतिक्रिया पठाउन हमीले अनुरोध गऱ्यौं। तर तयसको प्रतिित्रिया पनि मौखिक नै पायौं । यो क्रमवाट लाखौं संख्यामा रहनुभएका जिफण्टका सदस्य शुभेच्छुक वीच पुग्न संभव छैन भनने हामीले ठ्याम्मै बुझेका छौं । त्यसमा पनि जिफण्ट छाता वाहिर रहनुभएका मित्रको प्रतिक्रिया त यसरी पाइने संभावना छैन । त्यसैले यो अंकवाट हामी आव्हान गर्छौं, कमरेडहरू, साथीहरू हाम्रा प्रिय पाठकहरू, श्रमिक खवर तपाईहरूलाई कस्तो लाग्दैछ ? फोटो सहित प्रतिक्रिया पठाउनुहोस्, हामी छाप्ने छौं ।




सरकारले भदौ १ गतेको राजपत्र मार्फत श्रमजीवीहरूको संगठित रूपमा सौदावाजी गर्ने अधिकार शान्तिपूर्ण आन्दोलनको उच्च रूप "हडताल" माथि प्रतिबन्ध लगाउने निधो गऱ्यो। यसको लागि "प्रजातान्त्रिक" भनिएको वर्तमान सरकारले निरंकुश राजा महेन्द्रले नेपाली जनतामाथि २०१४ सालमा लादेको आवश्यक सेवा संचालन ऐन लाद्ने घोषणा गऱ्यो।

हामी भिन्न भिन्न समाजमा त्यहाँको वस्तुगत स्थितिमा आधारित संघर्षका फरक फरक रूप रहने कुरालाई स्वीकार्छौं। पूँजीवादी आर्थिक विश्वव्यापीकरणले निम्त्याएको आर्थिक संकटको बारेमा सचेत रहँदै, उत्पादनका क्षेत्रमा देखापरेको विविधतालाई महसुस गर्दै समस्याको समाधान समाजवादले मात्रै गर्न सक्छ भन्ने कुरामा हामी निर्धक्क छौं"







महाकाली क्षेत्र देशमा प्रजातन्त्र आउनुअघि नै स्वतन्त्र भएको घोषणा भयो। भीमदत्त पन्त त्यस क्षेत्रको गभर्नर भए। प्रजातन्त्र पछि भीमदत्त पन्तले दिल्ली सम्झौताको विरोध गरी जनपक्षीय क्रियाकलापहरू अगाडि बढाए घरघरमा छापा मारेर तमसुकहरू जलाए। नेपाली कांग्रेसका तर्फबाट प्रधानमन्त्री भएका मातृका प्रसाद कोइरालाको सरकारबाट जनपक्षीय क्रियाकलापलाई "आतंकवादी" ठहऱ्याई उनलाई भारतीय सेनाको सहयोगमा पक्रियो र टाउको काटी हत्या गरियो।

"दुई महासंघ यो प्रक्रियाका शुरूवात कर्ता (प्रमोटर) हुन्। एक जना मजदुर पनि यो छाताबाट बाहिर नरहुन् भन्ने सोचका साथ सबैलाई समेट्ने बाटो तयार गरौं।"




## १० वर्ष अघिको श्रमिक खबरबाट

२५ गतेको समारोहमा राजाले प्रधानमन्त्रीको हातमा संविधान वुझाएता पनि संविधान घोषणाको मिति भने तय गरिएन । अझ त्यो समारोहमा भनिएका कतिपय कुराले जनतालाई अन्यौल वनाउने मात्र काम गरिहरेको छ । संविधान सुझाव आयोगले देशका कुना कुनामा गै सवै पार्टी, जनसंगठन र जनतासंग सुझाव संकलन गऱ्यो । सुझाव संकलन त्यस्ता व्यक्तिसंग पनि गयो जो हिजो खुलमखुल्ला प्रजातन्त्रको विरोधमा हिडेका थिए र पंचायत टिकाउन जनतामाथि ठाडो दमन गर्ने आदेश दिएका थिए । अव संविधान घोषणामा १ मीनेट पनि ढिलाई गरिनुहुदैन ।

– अंक १, पेज १, २०४७ भाद्र



# सावधान ? हाम्रो मौलिक अधिकारमाथि प्रतिबन्ध लगाइदैछ ?



५० हजार कर्मचारीहरू असार २६ गतेदेखि आन्दोलनमा उत्रिए। उनीहरूले साउन १३ गते अर्थमन्त्रालयमा घेरा हाले र साउनकै २६ र २७ गते महत्वपूर्ण संस्थानहरू ठप्प पारिदिए। यी घटनाको आडमा सरकारले भदौ १ गतेको राजपत्र मार्फत श्रमजीवीहरूको संगठित रूपमा सौदावाजी गर्ने अधिकार शान्तिपूर्ण आन्दोलनको उच्च रूप “हडताल” माथि प्रतिबन्ध लगाउने निधो गऱ्यो। यसको लागि “प्रजातान्त्रिक” भनिएको वर्तमान सरकारले निरंकुश राजा महेन्द्रले नेपाली जनतामाथि २०१४ सालमा लादेको आवश्यक सेवा संचालन ऐन लाद्ने घोषणा गऱ्यो।

### आवश्यक सेवा के हो ?

आवश्यक सेवा संचालन ऐन २०१४ मा गरिएको व्यवस्था अनुसार आवश्यक सेवा भन्नाले निम्न कुराहरू पर्दछन् :

क) डाँक, तार वा टेलिफोन सेवा

ख) जल, स्थल वा हवाइ मार्गबाट यात्री वा मालसामानहरू ओसारपसार गर्ने यातायात सेवा

ग) हवाइ अड्डा वा हवाइ जहाजको देखभाल, त्यसको संचालन वा मर्मत गर्ने कामसित सम्बन्धित सेवा

घ) हवाइ ग्राउण्ड, रेल्वे स्टेशन वा सरकारी गोदाम मालसामान ओसारप्रसार गर्ने, राख्ने झिक्ने, वा थन्क्याउने काम संग सम्बन्धित सेवा

ङ) प्रिन्ट वा सरकारी छापाखाना सम्बन्धी सेवा

च) हातहतियार खरखजाना वा अरू कुनै सैनिक सरसामानको उत्पादन गर्ने थन्क्याउने, वितरण गर्ने कामसित सम्बन्धित श्री ५ को सरकारको व्यवस्थाको कुनै सेवा ।

यी सेवा बाहेक अन्य सेवाहरूलाई समेत सरकारले आवश्यक सेवा भनी तोक्न सक्छ। उदाहरणको रूपमा सरकारले २०४८ साउन ६ गते र २०५७ जेठ २ गते फोहरमैलाको संकलन, ढुवानी, प्रशोधन स्थल, नियमित संकलन स्थल र व्यवस्थापन सम्बन्धी सेवालाई समेत आवश्यक सेवा भनी परिभाषित गऱ्यो। यसरी नै २०५७ भदौ १ गतेको सूचनाले बैंकिङ सेवा, संचार सेवा, र विद्युत सेवालाई आवश्यक सेवा भित्र समावेश गऱ्यो। तर खानेपानी सेवालाई भने आवश्यक सेवाको रूपमा परिभाषित नै नगरी हड्तालमा प्रतिबन्धको सूचना समेत जारी गरिएको छ।

यो ऐनले मूलत हड्तालमाथि प्रतिबन्ध लगाएको छ। तर २०१४ सालदेखि हालसम्म यो ऐन प्रयोग गरिएको क्षेत्र क्रमशः विस्तार गरिएको छ। यो राम्रो संकेत होइन।

२०४६ सालको जन आन्दोलनले निर्माण गरेको संविधानले अभिव्यक्ति र विरोधको स्वतन्त्रता दिएको छ। यहाँ सरकारी विद्यमान व्यवस्था र संविधान नमान्ने शक्तिले हाकाहाकी आफ्ना गतिविधिहरू संचालन गरिरहेकै छ। विडम्बना नै मान्नु पर्छ, नियम, कानून र संविधानको पालना गर्नेहरूमाथिको अंकुश भने बढेको बढ्यै छ।

### आवश्यक सेवा संचालन ऐन लागू हुँदा के हुन्छ?

आवश्यक सेवा संचालन ऐनले मूलतः हड्तालमा प्रतिबन्ध लगाउँछ तर कस्तो अवस्थामा भन्ने चाहिं स्पष्ट आधारहरू निर्धारण गरिएको छैन। केवल "सार्वजनिक हितका लागि आवश्यक र उचित लागेमा श्री ५ को सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको कुनै सेवामा हड्ताल निषेध गर्न सक्ने" व्यवस्था गरेको छ। यस्तो आदेशले ६ महिनासम्म मात्र हड्ताल गर्न पाइदैन। यस्ता प्रतिष्ठानमा हड्ताल गर्न नै नपाइने होइन निषेध गरिएको अवधिभित्र मात्र नपाइने हो तर यस अवस्थामा विवाद समाधानका अन्य वैकल्पिक उपायहरूको प्रयोग गर्न, वार्ता गर्न, सम्झौता गर्न भने ढोका खुल्ला रहन्छ।



## आवश्यक सेवा संचालन ऐन लागू गरिएपछिको प्रतिक्रिया

सार्वजनिक संस्थानको जारी आन्दोलनमाथि रोक लगाउन आवश्यक सेवा संचालन ऐन थोपर्ने कार्यलाई नेपाल ट्रेड यूनियन महासंघले प्रतिगामी कदमको रूपमा लिएको छ। महासंघका अनुसार नेपाल अधिराज्यको संविधानले नेपाली जनतालाई सार्वभौम सम्पन्न मानेको छ। विद्यमान संविधानमा "अपरिवर्तनीय" भनिएका बुँदाहरू यदि जनताले चाहेमा परिवर्तन हुन्छन् पेशागत स्वार्थको लागि संचालन गर्ने दवावमूलक कार्यको सशक्त हतियार मानिएको "हड्ताल" माथि कुनै पनि तर्कको आधारमा बन्देज गर्ने कुराको महासंघले घोर निन्दा गरेको छ। यस्ता दमनकारी कार्य विरूद्ध यूनियनहरू एकताबद्ध हुनुपर्नेमा समेत महासंघले जोड दिएको छ।

नेपाल ट्रेड यूनियन कांग्रेसको महासचिव पुस्कर आचार्यले यसलाई "समग्र मुलुकको प्रजातान्त्रिक ट्रेड यूनियन आन्दोलनलाई आघात पुऱ्याउने महसुस गरी" उक्त सूचना फिर्ता लिन प्रधानमन्त्रीसंग जोडदार माग गरेको जनाउनुभएको छ।

नेपाल प्रजातान्त्रिक ट्रेड यूनियन महासंघका महासचिव खिलानाथ दाहालका अनुसार "यो अत्यन्तै अप्रजातान्त्रिक र नाजायज सरकारी कदम हो, जसलाई निन्दा गरिनु पर्छ र, एकताबद्ध ढंगले प्रतिकार गर्नु पर्छ।

यसै गरी नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष विश्वनाथ प्याकुरेल भन्नुहुन्छ - "खास वर्गका कतिपय सदस्यहरू (अधिकृत कर्मचारी) लाई संगठित हुने अधिकारबाटै वञ्चित गर्ने, संगठन गर्ने नाम मात्रको अधिकार दिने तथा गतिविधिमाथि अंकुश लगाउने, आवश्यक सेवा ऐनको नाममा श्रम ऐनको भावनामाथि हमला गर्दै ट्रेड यूनियन गतिविधिमा रोक लगाउने, जस्ता कार्यहरू एकपछि अर्को देखिएका छन्।" यस्तो कार्यलाई उहाँले "प्रजातान्त्रिक संस्कार शून्यता एवं कानूनी राजको अवमूल्यन" ठहर गरेको र यस्ता खाले सरकारी रवैयाका विरूद्ध एकीकृत, सामूहिक र सशक्त आन्दोलनको आवश्यकता औंल्याउनुभएको छ।



२०४६ को संयुक्त जनआन्दोलनको सफलताको कारण देशका अन्य क्षेत्रहरुले झैं श्रमिक क्षेत्रले पनि केही संवैधानिक अधिकारहरु प्राप्त गरेको थियो। भेला हुने, विचार विमर्स गर्ने, चुन्ने चुनिने, संगठन संचालन गर्ने, माग दावी गर्ने, माग पूर्तिको मार्ग अवलम्बन गर्ने जस्ता अधिकार श्रम ऐन २०४८ र ट्रेड यूनियन ऐन २०४९ द्वारा प्रत्याभूत गरिए। सोही अनुरुप देशका सबै प्रकारका श्रमिकहरुले त्यसको उपभोग गरे र केही हदसम्म उपलब्धि पनि लिन सफल भए। तर कानूनद्वारा प्रदत्त उक्त अधिकारलाई श्रमिकहरुले उपभोग गर्न भने २०४७ देखि नै अकुण्ठित रुपमा पाएनन्। आधिकारिक यूनियनको निर्वाचन गर्न समेत कुन पक्षले जित्छ भन्ने मान्यताले काम गर्न थाल्यो। आमरुपमा निर्वाचन हुन सकेन। ट्रेड यूनियन र व्यवस्थापन बीचमा सहमति / संझौताहरुले मान्यता पाउन छोडे। पछिल्ला वर्षहरुमा ट्रेड यूनियनका नेता नै प्रधानमन्त्री रहेको अवस्थामा श्रमिकहरुले आफ्ना जायज मागहरु राख्ने, माग पूर्तिका मार्ग अवलम्बन गर्ने तथा संवैधानिक अधिकारलाई निर्वाध रुपमा उपभोग गर्न पाउने प्रावधान विपरित सरकारले २०५७ भाद्र १ गतेदेखि लागू हुने गरी असान्दर्भिक आवश्यक सेवा संचालन ऐन २०१४ द्वारा निषेध गर्ने रवैयाले प्रजातान्त्रिक मूल्य मान्यता एवं अधिकारलाई नै कुण्ठित गर्न खोजिएको आभास मिलेको छ। जो प्रजातान्त्रिक परिपाटीको विपरित मानिन्छ।

**महेशराज खरेल**
अध्यक्ष
अन्तर बैंकिङ कर्मचारी, संघ राष्ट्रिय समिति

### मसाल जुलुसमाथिको प्रतिबन्ध : असहमत स्वरमाथि सरकारको थप अंकुश

गत असोज १ गतेदेखि सरकारले मसाल जुलुस माथि पनि प्रतिबन्ध लगाएको छ। जिल्ला प्रशासन कार्यालय काठमाडौंको काठमाडौं महानगरपालिका, कीर्तिपुर नगरपालिका लगायत जिल्लाका शहरबजार र घनाबस्ती भएका इलाकामा स्थानीय प्रशासन ऐन २०२८ को दफा ३(क) अनुसार प्रज्वलित मसाल लिई जुलुस निकाल्न बन्देज लगाइएको छ।

आगो हातमा लिई निकालिने जुलुसबाट अप्रिय घटना घटी व्यापकरूपमा जनधनको क्षति र सर्वसाधारणलाई बाधा पुगी यसबाट अप्रत्याशित रूपमा शान्ति सुव्यवस्था भंग हुने हुँदा जनहित र सुरक्षालाई दृष्टिगत गरी सो आदेश जारी गरिएको जिप्रका काठमाडौंको निषेध

आदेशमा उल्लेख गरिएको छ । यो अप्रजातान्त्रिक कदमलाई – "श्री ५ को सरकारले जनताको जीउधनको सुरक्षा गर्ने कार्यलाई अति महत्वपूर्ण प्राथमिक दायित्वको रूपमा लिएको र यस दायित्वप्रति स्थानीय प्रशासन अत्यन्त संवेदनशील एवं गम्भीर रहनुका साथै सर्वसाधारणमा शान्तिसुरक्षाको प्रत्याभूति दिन पनि पूर्ण रूपमा सक्रिय रहेको" बताइएको छ।

सरकारको यो कदम प्रति जनताका विभिन्न तह र तप्काले विरोध जनाएका छन्। जिफन्टले यसलाई आवश्यक सेवा संचालन ऐन हुँदै जनताको अधिकारमाथि अंकुश लगाउने अर्को प्रतिगामी कदम उल्लेख गरेको छ।

प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले एक विज्ञप्ति प्रकाशित गरी भनेको छ, "श्री ५ को सरकारको यस कदमले नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रत्यायोजित गरेको जनताको नैसर्गिक र मौलिक अधिकारको ठाडो उल्लंघन गरेको छ।" यो निर्णय प्रतिगामी कदम भएको उल्लेख गर्दै नेकपा (एमाले) ले भनेको छ, "जनताको मौलिक र प्रजातान्त्रिक अधिकार हनन गर्ने प्रतिगामी कदमको घोर भर्त्सना गर्दै सो कदम तुरून्त फिर्ता लिन हाम्रो पार्टी सरकारसंग माग गर्दछ। तर नेपाली कांग्रेसका प्रवक्ता नरहरि आचार्यले भने सरकारले कानूनी अधिकारको प्रयोग गरेको बताउँदै जनताको जीउधनको सुरक्षाको लागि मसाल जुलुसमाथि प्रतिबन्ध लगाउनु उचित भएको बताउनुभयो।

नौ बाम समूहद्वारा प्रकाशित एक विज्ञप्तिमा शान्तिपूर्ण तरिकाले गर्न पाउने संविधान प्रदत्त अधिकार खोस्ने र सरकारद्वारा नै संविधानको उल्लंघन गर्ने काम भएको आरोप लगाइएको छ। "सरकारले मसाल जुलुस र नेपाल बन्दको कार्यक्रमलाई भाँड्न र उत्तेजनात्मक दिशामा धकेल्न यस्तो निर्णय गरेको छ। यसको हामी तीव्र निन्दा गर्दछौं।"



## अत्यावश्यक सेवा संचालन ऐनको प्रयोग कहिले र किन ?

१. यो ऐन २०१४ साल मंसीर २१ गते जारी भयो।

   आवश्यक सेवा संचालन ऐन जारी हुँदा देशको शासन राजा महेन्द्रद्वारा प्रत्यक्ष रूपमा संचालन भइरहेको थियो। त्यस बखत देशमा न संसद थियो न त विधि निर्माण गर्ने कुनै जननिर्वाचित संस्था नै थियो। किनभने डा. के. आइ. सिंह सरकार २०१४।७।२९ गते नै पतन भइसकेको थियो, अर्को सरकार बनेको थिएन। सरकार गठनका लागि केही राजनैतिक पार्टीहरू आपसमा छिनाझप्टी गरिरहेका थिए। नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी भद्र अवज्ञा आन्दोलन गरी शीघ्र आम निर्वाचनको माग गरिरहेका थिए। तरल स्थिति, राजनैतिक पार्टीहरूप्रति बढेको अविश्वास र जनतामा रहेको निराशाको स्थितिमा राजा महेन्द्रबाट भद्र अवज्ञा आन्दोलनमा आवश्यकता अनुसार प्रतिबन्ध लगाउने पूर्वाधारका रूपमा उक्त कानूनको तर्जुमा भएको थियो। यो कानूनको प्रयोग पहिलोपल्ट सत्याग्रह शुरू भएको पर्सिपल्ट नै निजामति सेवाका कर्मचारीहरूलाई हडतालमा जान नदिन २०१४।८।२४ मा गरिएको थियो।

२. २०३६ सालमा भड्किएको जन आसन्तोषमा कर्मचारीलाई संलग्न हुन नदिन २०३६ जेठ २२ गते यो प्रयोग गरिएको थियो। यस पटक पनि यो प्रतिबन्ध निजामति सेवामा लागू गरिएको थियो।

३. २०४६ सालको जन आन्दोलनको क्रममा जनताले पाटन शहर कब्जा गरेपछि डाँक, तार वा टेलिफोन सेवाका कर्मचारीहरूलाई हडतालमा संलग्न हुन नदिन २०४६ चैत १७ गते यो ऐन लागू गरियो।

४. २०४८ सालको नेपाल निजामति कर्मचारी संगठनद्वारा संचालित आन्दोलनको क्रममा निजामति सेवाको अतिरिक्त डाँक, तार वा टेलिफोन र फोहर मैला संकलन र स्रोत परिचालन क्षेत्रलाई पनि

आवश्यक सेवा भित्र सामेल गरियो। २०४८ साउन ६ गते यी क्षेत्रका कामदार कर्मचारीहरूलाई हडतालमा संलग्न हुन बन्देज लगाइयो।

५. २०५५ सालमा भएको पाइलटहरूको हडताल रोक्न हवाइ सेवालाई पनि अत्यावश्यक सेवा संचालन ऐनको दायराभित्र संलग्न गरियो।

६. २०५७ साल जेठमा काठमाडौं उपत्यकामा सफाइ मजदुरहरूको हडताल भयो। उक्त हडतालमाथि प्रतिबन्ध लगाउन २०५७ जेठ २ गते फोहर मैलाको संकलन, ढुवानी, फोहर मैला प्रशोधन स्थल निर्माण, फोहर मैलाको संकलन स्थान र व्यवस्थापन क्षेत्रसंग सम्बन्धित सेवामा हडताल गर्न नपाउने गरी यो ऐन लागू गरियो।

७. २०५७ साल असार २६ गतेदेखि शुरू भएको संस्थानका कर्मचारीका आन्दोलनलाई प्रतिबन्धित गर्न २०५७ साल भाद्र १ गते अत्यावश्यक सेवा संचालन ऐन लागू गरिएको सूचना राजपत्रमा छापियो। यस पटक बैंकिङ सेवा, संचार र विद्युत सेवालाई अत्यावश्यक सेवा भित्र समावेश गरियो।

यसरी अत्यावश्यक सेवा भित्र निम्न १० क्षेत्र परेका छन् –

**डाक, तार वा टेलिफोन**

**जल, स्थल वा हवाइ मार्गबाट यात्रा वा मालसामान ओसार पसार गर्ने यातायात सेवा**

**हवाइ अड्डा आदि**

**हवाइ ग्राउण्ड, रेलवे सरकारी गोदाम आदि**

**प्रिन्ट सरकारी छापाखाना**

**हातहतियार खरखजाना वा सैनिक र रक्षा संग सम्बन्धित कुनै सेवा**

**बैंकिङ**

**संचार**

**विद्युत**

**खानेपानी संचालन र वितरण**

यसरी आवश्यक सेवाको नाममा क्रमशः मौलिक श्रमिक अधिकारको कटौतीको प्रक्रिया अघिबढिरहेको छ। संगसंगै मसाल जुलुसमाथि प्रतिबन्धको रूपमा जनताका मौलिक अधिकारमाथि अंकुश हाल्ने काम समेत यसपालि एकैपटक गरिएको छ। यी दुई कदमहरू एकैसाथ उठाइनुले के संकेत गर्दछ? सबैले मनन गर्ने बेला भइसकेको छ।

अत्यावश्यक सेवा ऐन ट्रेड यूनियनको हत्यारा हो। यसले मजदुर तथा कर्मचारीहरुको ट्रेड यूनियन अधिकारको हत्या गरेको छ। यो ऐनको कार्यान्वयनले सरकार अधिनायकवाद तिर लम्केको महसुस गराएको छ।

हाम्रो वित्तिय क्षेत्रतिरबाट हेर्ने हो भने वित्तिय क्षेत्रको समस्याका बारेमा अर्थमन्त्रीसंग बराबर भेटघाट गरी परिस्थितिको बोध गराउँदा गराउँदै पनि कर्मचारीहरुको समस्याहरुलाई पूर्ण रुपमा उपेक्षा गरी यस्तो प्रकारको कानूनको कार्यान्वयन गराउनुलाई हाम्रो संस्थाले अर्थमन्त्रीलाई नै मुख्य जिम्मेवार ठहराएको छ।

हालसालैको आन्दोलनको विश्लेषण गर्दा पनि सरकारको सार्वजनिक संस्थाहरु प्रति हेर्ने दृष्टिकोणमा दोहरो नीति अवलम्बन गरेको पाइन्छ। कतिपय अवस्थामा सरकारबाट सार्वजनिक संस्थाहरुको स्वायत्ततालाई हनन गर्दै निर्देशनात्मक आदेश जारी गर्ने र अप्ठेरो परेका अवस्थामा सार्वजनिक संस्थाहरुले आफै समस्या सुल्झाउन पनि जिम्मेवारीबाट पन्छिने प्रवृत्तिबाट दोहरो चरित्र निर्वाह गरेको देखिन्छ।


सरकारले गरेको अत्यावश्यक सेवा ऐनको कार्यान्वयनको गलत कार्यप्रति हाम्रो संस्थाले राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा आवाजहरु उठाउँदै यसका विरुद्धमा लागिरहेको छ।

राष्ट्रिय स्तरमा यसका बारेमा प्रधानमन्त्री जसको इतिहास ट्रेड यूनियनबाट शुरु भएको छ र अर्थमन्त्रीलाई विरोध पत्र बुझाउने काम भएको छ। यसका साथै हाम्रो आबद्धता रहेको महासंघ पनि यसका विरुद्धमा पहलहरु गरिरहेको छ।

अन्तरराष्ट्रिय स्तरमा हाम्रो सम्बद्धता रहेको यूएनआई मार्फत विरोधपत्रहरु पठाउने कार्यहरु भइरहेको छ। निकट भविष्यमा हुन गइरहेको यूएनआईको सम्मेलनमा समेत त्यसमा प्रतिनिधित्व गर्ने करिब १२०० प्रतिनिधिहरु बीच यो कुरा उठाइनेछ।

अमृतमणि पौडेल
अध्यक्ष
नेपाल वित्तिय संस्था कर्मचारी संघ

# इ-मेल र यूनियन : मेल कि विमेल ?




मानौं तपाईंलाई आफ्नो कार्यस्थलमा ट्रेड यूनियन गठन गर्न मन लागेछ। यसको लागि तपाईंलाई गोप्य रूपमा आफ्नो कार्यस्थलमा रहेका, बढीभन्दा बढी सहपाठीहरूसंग सरसल्लाह गर्नु पर्ने हुन्छ। यसको लागि राम्रो उपाय हो, इमेल प्रविधि। तर मानौं यो कुरा तपाईको हाकिमले थाहा पाउनु भयो र उहाँलाई यो कुरा पट्टक्कै मन परेको छैन भने यस अवस्थामा के हुन्छ ?

सन् १९९३ मा डुपोण्ट नामक एक अमेरिकी कम्पनीको केशमा अमेरीकाको राष्ट्रिय श्रम सम्बन्ध बोर्डले के निर्णय गरेको थियो भने यदि कम्पनीले कामदारहरूलाई व्यवसाय संग असम्बन्धित कुराहरू जस्तै व्यक्तिगत सूचना संप्रेषण गर्न इमेल प्रयोग गर्न दिइन्छ भने यूनियन गतिविधि सम्बन्धी सूचना प्रवाह पनि वेरोकतोक गर्न दिइनु पर्दछ। तर कार्यस्थल सम्बन्धी नियमहरू एकदम अस्पष्ट रहेकाले नयाँ नजिरको आवश्यकता रहन गएको छ।

यो वर्ष लकहिड मार्टीन भन्ने प्रतिरक्षा कम्पनीका यूनियनका पदाधिकारीहरूले इमेलको गलत प्रयोग गरी आफ्नो यूनियन भंग गर्न लागेको विषयलाई लिएर चुनौती नै दिए। कम्पनी व्यवसायभन्दा बाहिरको विषयलाई लिएर इमेल प्रयोग गर्न नपाइने नियम त्यस कम्पनीमा रहे तापनि त्यहाँ एकजना कर्मचारीले इमेल प्रयोग गरी यूनियन दर्ता खारेज गर्न सहयोग पुऱ्याएको थियो। हुन त यूनियनले व्यवस्थापनलाई यसरी गलत किसिमले इमेल प्रयोग गरिरहेको कुरा सूचित भने नगरेका होइन र व्यवस्थापनले पनि नसुनेको पनि होइन तर कारवाही भने गरेन। राष्ट्रिय श्रम सम्बन्ध बोर्डले यस मामलामा के निर्णय दियो भने कम्पनीले यहाँ अप्रत्यक्ष रूपमा व्यवसायभन्दा बाहिरको वा यूनियन सम्बन्धी सूचना प्रवाह इमेलबाट गर्न पाइने नीति लिएको पुष्ट्याई दिएर यूनियनको चुनौतीलाई हराई दिए।

अमेरिकामा इमेल गर्न पाउने क्षेत्राधिकार अझै बढ्दै जाने लक्षण देखिन्छ। राष्ट्रिय श्रम सम्बन्ध बोर्डका सल्लाहकार श्री बारी कियनीका अनुसार इमेल सूचना प्रवाहलाई कार्य स्थलकै परिभाषा भित्र ल्याउन खोजिंदैछ। सन् १९५० को अदालतको निर्णय अनुसार कार्य–स्थलको परिभाषा भित्र गरिएका कुनै पनि यूनियन सम्बन्धी काम कारवाहीमाथि प्रतिबन्ध लगाउन पाइँदैन यदि त्यस प्रकारका कामकारवाही दैनिक कार्य घण्टाभन्दा बाहिर जस्तै कफी ब्रेक, खाजा खाने समयमा गरेका रहेछन् भने। कम्पनीले आफ्नो दैनिक व्यवसायिक विषय वस्तुभन्दा बाहिरको विषयमा इमेल गर्न नपाइने नीति नै लिए पनि यस प्रकारको संचार प्रवाह रोक्न पाइँदैन।

गत वर्ष प्राट एण्ड व्हीट्नी कम्पनीमा यस्तै केश भएको थियो तर बोर्डले यसमा रूलिङ गरेको छैन। एउटा जटिल समस्या के छ भने के इमेल पढ्ने वा लेख्ने समय दैनिक कार्य घण्टाभन्दा बाहिर हुनै पर्ने? अझ जटिल समस्या त के छ भने आफूलाई कसैले पठाएको इमेलमा यूनियन गतिविधि सम्बन्धी सूचना रहेछ भनेर कसरी थाहा पाउने? तर यस्ता प्रश्नहरूको समाधान बेलायतमा छिट्टै नै हुने भएको छ। यही अक्टोबर २४, २००० मा लागु हुने एउटा नियमले कम्पनीहरूलाई इमेलबाट हुने सम्पूर्ण सूचना प्रवाह मोनिटरिङ गर्न पाउने अधिकार दिइने भएको छ। तर अमेरिकामा भने यस किसिमको नियन्त्रण आउन अझै समय लाग्ला जस्तो छ। हाललाई इमेल र यूनियन अमेरीकामा छुनै नहुने विषय भएको छ।

(सारांश दि इकोनोमिस्ट, अक्टोबर १४,२०००)


# मानिस र अन्य जीवमा भिन्नता

*- मुकुन्द न्यौपाने*

हामी जति वेला केटाकेटी थियौं, हामी घाँस दाउरा गर्न या गाई बाख्रा चराउन वन जंगल जाने गर्थ्यौं। हामीहरू वन जंगलमा रम्ने विभिन्न प्रकारका चराचुरंगी र साना ठूला जीवहरू र जनावरहरू भेट्ने गर्थ्यौं। हामी चराका बच्चाहरू समाउन रूचाउँथ्यौं, रानी चरीका पखेटा र धोविनी चराको उडाइका लोभलाग्दा दृश्यहरू देखेर ईर्ष्या गर्थ्यौं। कुनै चउरीमा बसेर या चट्टानमा चढेर चराहरूको उडानको चर्चा गर्दै आफू पनि चरो जस्तै उड्न पाए कति आनन्द पाइन्थ्यो भन्ने चर्चा गर्थ्यौं। चराजस्तै उन्मुक्त र अन्य जीवहरू जस्तै स्वतन्त्र हुन पाए हामी कति आनन्दित हुने थियौं भन्ने कल्पना गर्थ्यौं। अनि राती सुतेका वेला यस्तै उडान भरेका सपना देख्ने गर्थ्यौं। एक महादेशबाट अर्को महादेशमा पुगेको र त्यहाँ अनौठा मानिसहरू फेला पारेको सपना देख्थ्यौं र यिनै कुरा भोलि पल्ट साथीहरूलाई रमाइलो मानीमानी सुनाउँथ्यौं। आज पनि हाम्रा केटाकेटीहरू वा जीवनजगत अथवा श्रम जगतको बारेमा अन्जान मानिसहरू यस्तै परिकल्पना गर्दछन्। अनि उनीहरू मानिसभन्दा श्रम क्षेत्र बाहिर रहेका यस्ता जीव र जनावरहरूलाई आदर्श नमुनाको रूपमा पेश गर्दछन्। अरू त अरू हाम्रै देशका महान विद्वान मानिनेहरू पनि यस्ता उदाहरणहरूको खोजी गर्छन्।

नयाँ बानेश्वरमा एउटा मन्दिरको उद्घाटन रहेछ। त्यहाँ एउटा सानो सभा थियो। मलाई त्यहाँ प्रमुख अतिथिको रूपमा बोलाइएको थियो। योगी नरहरि पनि अतिथि थिए। उनले म पछाडि बोल्छुभनेर अडी लिए। वास्तवमा उनी मैले बोलेको सुनेर त्यसको खण्डन गर्न चाहन्थे। मैले मानव श्रमको चमत्कार आजको प्रगतिको बारेमा चर्चा गरें। अनि हिन्दु धर्मावलम्बीहरू किन पछि परे भन्ने बारेमा श्रमको सम्मान गर्न नसकेको कुरा मैले उठाएँ। मेरो भाषण





पछि योगी नरहरि यति आगो भएछन् कि उनले सिंगो मानव जगतको प्रगतिको विरोधमा बोले– "हिन्दु भनेका संसारका सृष्टिकर्ता हुन्, हिमधुबाट हिन्दु भएको हो। आज गाईकटुवाहरू र घाँटीमा पासो लगाएर हिंड्नेहरूको बोलवाला देखिँदैछ। के हो विकास भनेको, के हो परिश्रम भनेको? वास्तवमा हिन्दुहरू विकास बिना पनि बाँच्न सक्छन्। हामीले जंगलका बाँदरबाट सिक्नु पर्छ। बाँच्नको लागि विकास चाहिँदैन, बाँदरहरू कसरी बाँचेका छन् जंगलका जीवहरूलाई कसले खेती गरिदिएको छ? ती जति उन्मुक्त र स्वतन्त्र छन्? उनको लामो भाषणको सार यही थियो। उनको भाषणले अरूलाई के लाग्यो? तर महान विद्वान भनिएका योगीको भाषण र मानव र श्रमलाई हेर्ने दृष्टिकोण भने अनौठो थियो। आज पनि उनको दिमागमा जंगलको बाँदर मानिस भन्दा उच्च उदाहरणको रूपमा रहेको मैले पाएँ।

श्रम जगत र जीवन जगतप्रति हाम्रो दृष्टिकोण र हाम्रो ज्ञान कति साँघुरो छ भन्ने कुराको यो एउटा उदाहरण मात्र हो। जीव विज्ञान सम्बन्धी आफ्नो रचनामा मानिस महान शक्तिशाली कसरी बन्यो भन्ने प्रश्नमा रूसी लेखक इल्यीन... भन्दछन् – "वनमा घुम्ने जनावरहरू र वनमा उड्ने पक्षीहरू जसलाई उन्मुक्त भन्ने उखान छ तर के ती जीवहरूलाई उन्मुक्त भन्न सकिन्छ र? अहँ त्यस्तो हुँदैन र हुन पनि सक्तैन।

"पृथ्वीमा झण्डै दश लाख प्रकारका जीवजन्तु छन्। हरेक प्रकारको जीव आफ्नै अनुकूल परिवेश भएको जगतमा बस्छ। कुनै जगतमा कसैको लागि प्रवेश निषेध लेखिएको छ भने कसैको लागि लेखिएको छ स्वागतम्"

जस्तो हामी केटाकेटी छंदा कल्पना गर्थ्यौं चराहरू उन्मुक्त छन् तर पछि वैज्ञानिकहरूका जीव सम्बन्धी रचनाहरूको अध्ययन गरे पछि हामीले के थाहा पयौं भने चराहरू त्यति उन्मुक्त हुँदैनन् जति हामीलाई लाग्छ। संसारमा हरेक चराको आफ्नो थलो छ। कुनै चरा उच्च पहाडमा पाइन्छन्, कुनै मैदानमा। कुनै समुद्रतलमा पाइन्छन् भने कुनै हिमालयमा। कुनै पनि चराहरू आफ्नो सिमा तोडेर अर्को ठाउँमा घर बनाउँदैनन्। हामी रूखमा बस्ने तित्री,

कल्चुणो र लोखर्केलाई मैदानमा पाउँदैनौं त्यस्तै रूखमा भ्यागुरो र छुचन्द्रोलाई फेला पार्दौनौं।

सामान्यतया हेर्दा खेरि हामीले वन जंगल या मैदान या नदी समुद्रहरूलाई अविभाज्य रूपमा देख्ने गर्छौं। त्यहाँको विभाजन रेखाको बारेमा हामीलाई कुनै ज्ञान हुँदैन। जब हामी जीव र जगतको बारेमा सही ज्ञान प्राप्त गर्छौं तब "वन जंगलमा घुम्दा हामीहरूले अदृश्य पर्खाललाई पार गरिरहेका हुन्छौं। अनि रूखहरूमा चढ्दा अदृश्य तल्लाहरूलाई टाउकोले छेडिरहेका हुन्छौं। जुनसुकै वनमा पनि अदृश्य तल्लाहरू हुन्छन्। वनका बासिन्दाहरू यिनै पर्खालका सिमाना र तल्लाको घेरामा आफ्नो अस्तित्व अघि बढाउँछन्।"

"कल्पना गरौं लोखर्केलाई छुचुन्द्रोसंग घर साट्ने इच्छा भयो रे, लोखर्के वनमा बस्छ भने छुचुन्द्रो मैदानमा अथवा मरूभूमिमा बस्छ। लोखर्के रूखको टुप्पोमा बस्छ। छुचुन्द्रो तहखानामा अथवा सुख्खा प्वालमा बस्छ। दुवैका बनावट भिन्नाभिन्नै छन् र दुवैको बाँच्ने तरिकामा उनीहरूको अंगहरूको पनि भूमिका छ। यदि लोखर्के र छुचुन्द्रोले बस्ने ठाउँ साट्ने हो भने उनीहरूले आफ्ना अंगहरू पनि साट्नु पर्छ।"

केवल चराचुरूंगी र मसिना जीवहरू मात्र परिवेशको बन्दी छैनन् मानिस बाहेक अन्य जनावरहरू पनि यसै गरी परिवेशका बन्दी छन्। हिम क्षेत्रको सेतो भालु उष्ण प्रदेशमा बसाइ सऱ्यो भने के होला त्यस्तै उष्ण प्रदेशको हात्ती हिमाल प्रदेशमा जाँदा उसको के गति हुन्छ? हिमाली क्षेत्रमा तपाईं जानु भयो भने लामालामा रौं भएका चौरी गाईहरू पाउनुहुन्छ। भ्यापुल्ले भेडा च्याङग्रा र कुकुरहरू पाउनु हुन्छ। तपाईं त्यहाँ भैंसी, अर्ना अथवा गैंडा जस्ता जनावर देख्न पाउनुहुन्न। त्यस्तै चितवनमा र बर्दियाको जंगलमा जानुभयो भने तपाईंले लामा भुत्ला भएका चौंरी गाई, च्यांग्रा र भेंडा पाउनुहुन्न। यदि चौंरी र गैंडाले आफ्नो ठाउँ साट्ने फैसला गरे भने के हुन्छ? चौंरीको शरीरमा भएको भुत्ले छाला उसले गैंडालाई दिनुपर्छ र उसले गैंडासंग भएको भुत्ला विनाको छाला आफूले लिनुपर्छ। तर न त चौंरीले आफ्नो भुत्ले छाला फुकाल्न सक्छ न त गैंडाले आफ्नो भुत्ला विनाको छाला उसलाई दिन नै सक्छ। त्यसैले यी जनावरहरूले आफ्नो परिवेशलाई तोड्न सक्तैनन् र हामीले सोचे जस्तो उनीहरू स्वतन्त्र र उन्मुक्त हुन सक्तैनन्।

अनि मान्छे नि? मान्छेको कुरो अर्कै छ। मान्छे आज प्रकृतिको दास हैन, मान्छे प्रकृतिको मालिक भएको छ। मान्छे पृथ्वीको जुनसुकै कुनामा पनि जान सक्छ। उसलाई बन्देज लगाइएको कुनै ठाउँ हुँदैन जतासुकै उसको लागि स्वागतम लेखिएको छ र उसको लागि प्रकृतिका ढोकाहरू खुल्ला छन्। रूसी जीव शास्त्री इल्यीन भन्छन्- "मान्छे जमिनमा घोडाभन्दा छिटो दगुर्न सक्छ, उसलाई अर्को गोडा उमार्नु पर्दैन। न त गोडाको औंला गुमाउनु पर्छ। मान्छे पानीमा माछाभन्दा चाँडो पौडिन सक्छ तर त्यसको लागि छुट्टै पखेटा उमार्नु पर्दैन। मान्छे आकाशमा उड्न सक्छ तर त्यसको लागि छेपारोले जस्तो अघिल्लो पौंजा गुमाउनु पर्दैन।"

"मान्छेले आफू जस्ताको तस्तै रहेर पनि जीव जन्तुहरूलाई बन्दी तुल्याएर राख्ने अदृश्य पर्खालहरू पार गर्ने तरिकाहरू पत्ता लगाउँछ।"

"जुनसुकै जीव पनि आफ्नो परिवेशमा आश्रित हुन्छ। तर मानिस आफ्नो निम्ति यस्ता अवसरहरूको सृजना आफै गर्छ। उसले प्रकृतिको हातबाट वेलावेलामा पुस्तिका छिन्छ र आफ्नो निम्ति अनुकूल नभएका सर्तहरू केरिदिन्छ।"

आजको मानिस जुन ठूला ठूला परिवर्तनको बाहक बनेर हिंडेको छ यो लाखौं वर्षको श्रमको नै परिणाम हो। तर पनि आज हाम्रो समाजमा श्रमको यो महानतालाई बुझ्न नसक्ने र अर्काको श्रम र पसिनामा बाँच्ने परजीवीहरूको संख्या पनि निकै ठूलो छ। समाजमा देखा परेको व्याप्त कामचोर प्रवृत्ति पनि श्रम प्रतिकै अज्ञानताको कारण हो। हामी आज हाम्रा शहर बजारमा जागिरको खोजीमा हिंडिरहेका नौजवानहरूको भीड देख्छौं। उनीहरूले एउटा एउटा सर्टिफिकेट झुन्ड्याएका छन्। ती मध्ये आधा जस्तो जमिनका मालिक छन् या कुनै व्यवसायीका छोरा छन् तर उनीहरू हलो जोत्न हुँदैन, कोदालो खन्नु हुँदैन, साना मसिना श्रमका काम गर्न हुँदैन भन्ने मानसिकताले ग्रस्त छन्। उनीहरूले प्राप्त गरेको शिक्षाले उनीहरूलाई यसै गरी श्रमप्रति घृणा जगाएको छ। त्यसैकारण यस्ता युवाहरू न आफ्नो पुर्खाको इतिहास बुझ्छन् न आफूलाई मानवमा परिणत गर्ने श्रमको बारेमै विज्ञ छन्। त्यसैकारण उनीहरूको समाज प्रतिको र उत्पादनप्रतिको ज्ञान पनि अधुरो छ। यस्तो अधुरो ज्ञान बोकेर हिंड्ने संस्कार र समाजले न मुलुकको आमूल परिवर्तन गर्न सक्छ न त रूपान्तरण नै। त्यसैकारण मानव र मानव श्रमको महत्वबारे व्यापक शिक्षा दीक्षाको आवश्यकता आज पनि टड्कारो बनेको छ। यसबाट मात्र हामी अन्य प्राणीबाट मानिसको भिन्नता र महानताको बारेमा बोध गराउन सक्छौं र श्रमप्रतिको आस्था जगाउन सक्छौं।

# के हुँदैछ एक यूनियन एक आवाज अभियानमा ?

## विभाजित यूनियन आन्दोलनलाई एकै ठाउँमा ल्याउने प्रयासमा जिफन्ट–एन टी यू सी उच्च स्तरीय कार्यदल



नेपाल ट्रेड यूनियन महासंघको तेस्रो राष्ट्रिय महाधिवेशनको अन्तिम कार्यक्रमको रूपमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष मुकुन्द न्यौपानेले भन्नुभयो – “नेपालको मजदुर आन्दोलनलाई अगाडि बढाउन एकीकृत रूपमा अघि बढ्नुपर्छ। धेरै मजदुर यूनियनहरू हुनु कारखाना र मजदुरहरू दुवैलाई घाटा हुन्छ। सबै मिलेर एउटै यूनियन बनाउने हो भने हामी तयार छौं।” कमरेड न्यौपानेको भनाइमाथि थुप्रै पत्रकारहरूले प्रतिप्रश्न गरे। टिप्पणी लेखे। सबैभन्दा पछिल्लो पटक लेखिएको टिप्पणीमा त यहाँसम्म लेखिएको थियो एउटै घाटका पानी पिउने “डिकोन्ट–एनटीयूसी एकताको कुरा त आकाशको फल जस्ता छन् भने जिफन्ट – एनटीयूसी एकताको त कुरै नगरे हुन्छ।”

तर एउटै यूनियन बनाउने कुरा भने रोकिएन। जेठ २० गते यूनियन आन्दोलन प्रति चासो राख्ने सबैलाई छक्क पार्ने गरी एउटा बैठक भयो। एनटीयूसीका अध्यक्ष लक्ष्मण बस्नेतको निम्तोमा जिफन्टका अध्यक्ष मुकुन्द न्यौपाने र महासचिव विष्णु रिमाल एनटीयूसी कार्यालयमा वार्तामा पुग्नुभयो।

“हाम्रो कार्यालयमा स्वागत छ मुकुन्दजी” बस्नेतजीको भनाइ थियो– “एकल यूनियन निर्माणको लागि हाम्रो गएको परिषद र राष्ट्रिय कमिटीले अनुमोदन गरेको छ। तपाईंको विचार के छ।”

“एक वर्ग – एक संगठन” यो हाम्रो पुरानो आव्हान हो।” क. मुकुन्दले जवाफमा मान्यता प्राप्त महासंघ र संघहरूलाई एकै ठाउँमा ल्याउनु पर्ने विचार राख्नुभयो। झण्डै एक घन्टा लामो छलफल पछि “न्यूनतम आधारको खोजी गर्ने” सहमति भयो।

यो समाचारसंगै मिश्रित प्रतिक्रिया व्याप्त भयो। “के यो साँच्चै हो? के कांग्रेस सेरियस छ, हैन जिफन्टले आत्मसमर्पण त गर्दै छैन? यस्ता प्रश्नहरू चर्चामा आए।

त्यसको दुई हप्ता नबित्दै मेडियाले अर्को समाचार पायो। “एनटीयूसीका अध्यक्षले अन्तरराष्ट्रिय श्रम सम्मेलनमा एउटै यूनियन बनाउने र जिफन्टसंग गम्भीर वार्ता शुरू गरेको मन्तव्य दिए।” त्यसपछि विदेशी मित्रहरू बीच यो प्रसंगले चर्चा पायो। दुवै महासंघको केन्द्र भित्र यो विषयले औपचारिक स्थान पायो।

भदौ ९ गते दोस्रो चरणको वार्ता भयो। दुवै महासंघका ११/११ जना पदाधिकारीहरू बीच स्थानीय विकास प्रशिक्षण केन्द्रमा यो बैठकको आयोजना पनि एनटीयूसीले नै गर्‍यो।

“हामीले गर्ने भनेको एकता लक्ष्मण बस्नेतले कांग्रेस पार्टी छोडेर र मुकुन्द न्यौपानेले एमाले छोडेर होइन। हामी हिजोसम्म कांग्रेस वा कम्युनिस्ट थियौं, आजबाट स्वतन्त्र भयौं भन्ने झूट र भ्रमपूर्ण कुरा गरेर पनि होइन। राजनीतिक आस्था र विचारको आ–आफ्ना मान्यतामा पटक्कै आँच आउन नदिई श्रम र श्रमजीवी वर्गका हितको साझा विषयमा एक हुने भन्ने हो।”

यो स्प्रीटमा दुवै पक्षको हार्दिक सहमति रह्यो। मान्यता प्राप्त यूनियन बीच एउटै संघ खडा गरौं” जिफन्ट अध्यक्ष क. न्यौपानेले भन्नुभयो “जसरी भए पनि एउटै महासंघ बनाउने होइन, एउटै मालामा गाँसिन पहिले केही गरौं। पार्टी छान्ने अधिकार मजदुरलाई नै दिउँ। जति संघ – महासंघ छन्, सबैलाई डाकौं र प्रक्रिया अघि बढाऔं।

"हाम्रो लिडरसिपमा भएको छलफल पनि वर्किङ प्रोसिडियर जस्तो बनाऔं, जसले आइडोलोजीकल भिन्नतालाई कुनै असर नपारोस् भन्ने हो" एनटीयूसी अध्यक्षको भनाइ पछि जिफन्ट अध्यक्षले श्रम सिनेटको प्रस्ताव अघि सार्नुभयो।

"शुरूमा यो मोडेल उपयोगी हुन सक्छ, आवश्यक मात्रामा समझदारी बढेपछि एउटै महासंघ बन्न सक्छ।" क. मुकुन्द न्यौपानेले सिनेटको निर्माण प्रत्येक महासंघका अध्यक्षहरू पालैपालो अध्यक्ष रहने संचालक समिति निर्माण गर्ने र संचालक समितिको दैनिक काम प्रशासनिक बोर्डबाट संचालन गर्ने अवधारणा राख्नुभयो। सिनेटले वार्षिक श्रम सम्मेलन आयोजना गर्ने र त्यसले वार्षिक श्रम स्थिति र श्रम सम्बन्धी विषय निश्चित गर्ने उहाँको प्रस्ताव थियो।

एनटीयूसीका अध्यक्षले लिखित प्रस्ताव र पर्याप्त गृहकार्य गरी नसकेको बताउँदै एनटीयूसीको निम्न अवधारणा राखेपछि अर्को बैठक बस्ने गरी बैठक सकियो।

- प्रजातान्त्रिक हुनुपर्छ र तलबाट प्रश्न गर्ने अधिकार हुनुपर्छ।
- जिम्मेवार र पारदर्शी हुनुपर्छ।
- सबैलाई विलय गर्ने एउटै विधान हुनुपर्छ।

र, अन्त्यमा कार्तिक ६ गते जिफन्ट केन्द्रीय कार्यालयमा भएको वार्तापछि जारी प्रक्रियाले एउटा आकार लिएको छ।

"जिफन्ट केन्द्रीय कार्यालयमा लक्ष्मणजी र सम्पूर्ण मित्रहरूलाई स्वागत छ।" क. मुकुन्द न्यौपानेको अनौपचारिक कुराकानीसँगै लक्ष्मण बस्नेतजीले आफूसंग आएको सम्वाददातालाई फोटो खिच्न भन्नुभयो। दुवै पक्षका पदाधिकारीहरू सहितको समूह फोटो खिचिएपछि

# एकताबद्ध यूनियन आन्दोलनको लागि...




जिफन्टको तेस्रो राष्ट्रिय महाधिवेशन पछि आयोजित पत्रकार सम्मेलनमा जिफन्टका पुनर्निर्वाचित अध्यक्षद्वारा एउटै महासंघ निर्माणको आव्हान।

*मिति : बैशाख २२ २०५७*
*स्थान: होटल ब्लुस्टार*




नेपाल ट्रेड यूनियन कांग्रेसको अध्यक्ष लक्ष्मण बस्नेतद्वारा जिफन्टको अध्यक्ष तथा महासचिव लाई "एकल महासंघ निर्माण" सम्बन्धी छलफलको लागि आमन्त्रण।

*मिति : जेठ २० २०५७*
*स्थान : एनटीयूसीको कार्यालय*




भदौ ९ गते स्थानीय विकास प्रशिक्षण केन्द्र ललितपुरमा दोस्रो चरणको वार्ता। दुवै अध्यक्ष सहित नेतृत्वका ११/११ जनाको उपस्थितिमा भएको वार्तामा जिफन्टबाट "श्रमसिनेट" अवधारणा प्रस्तुत। एनटीयूसीबाट थप गृहकार्य सहित अर्को चरणको वार्ता आयोजना गर्नुपर्ने प्रस्ताव।

*मिति भदौ ९ २०५७*
*स्थान : स्थानीय विकास प्रशिक्षण केन्द्र*



*मिति: कार्तिक ६ ०५७*
*स्थान: मनमोहन मजदुर भवन*

जिफन्ट केन्द्रीय कार्यालयमा तेस्रो चरणको वार्ता। एनटीयूसीबाट "राष्ट्रिय श्रम सभा" अवधारणा सहित विधान मस्यौदा प्रस्तुत। जिफन्टद्वारा "श्रम सिनेट" संचालनको सहमतिका आधार (कोड अफ अन्डरस्टान्डिङ) प्रस्तुत। दुवैतिरबाट व्यक्त धारणाको सारमा एक प्रकारको सामिप्यता रहेकोले ४/४ जना रहेको उच्च स्तरीय कार्यदल गठन।

औपचारिक कुरा शुरू भयो। राष्ट्रिय श्रम सभाको अवधारणा सहित एनटीयूसीले विधान प्रस्ताव गऱ्यो। यो प्रस्तावले स्थानीय विकास प्रशिक्षण केन्द्रमा जिफन्टले प्रस्ताव गरेको सिनेट अवधारणाको भावना बोकेको जिफन्टले महसुस गऱ्यो। जिफन्टले विधानभन्दा पनि सहमतिका आधार (कोड अफ अन्डरस्टायन्डिङ) प्रस्ताव गऱ्यो। छलफलका क्रममा पूर्व प्रस्तावमा आवश्यक गृहकार्यका लागि खुल्ला राख्न दुवै पक्षको मञ्जुरी रह्यो। यो सहमतिसँगै अर्को मञ्जुरी भयो। "दुई महासंघ यो प्रक्रियाका शुरूवात कर्ता (प्रमोटर) हुन्। एक जना मजदुर पनि यो छाताबाट बाहिर नरहुन् भन्ने सोचका साथ सबैलाई समेट्ने बाटो तयार गरौं।"

यो भावनालाई मूर्तरूप दिन एउटा उच्च स्तरीय कार्यदल गठन गर्ने सहमति भयो। जसले सबै संघ-महासंघलाई एउटै छातामा ल्याउन र कस्तो संयन्त्र निर्माण गर्ने भन्ने आवश्यक गृहकार्य गर्नेछ। कार्यदलमा जिफन्टका उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष र विदेश विभाग प्रमुख हुनुहुन्छ। एनटीयूसीका उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष हुनुहुन्छ।




नीति कथा :

# गलत दिशा

एक दिन एक जना मानिसले नेपालबाट तिब्बतको राजधानी जाने फैसला गऱ्यो। उसले राम्रा घोडाहरू, प्रशस्त पैसा र बहादुर घोडचढीहरू पनि साथ लियो। ऊ घरबाट हिंड्यो। उसले बाटामा आफ्ना एक जना परम मित्रलाई भेट्यो र गौरवका साथ ल्हासा जान लागेको कुरा बतायो। मित्रले आश्चर्य चकित हुँदै भने "तिमी दक्षिण तर्फ बढिरहेका छौ अनि फेरि ल्हासा जाने कुरा गर्छौ यो त उल्टो गंगा बगाउनु जस्तै भएन र? तिमी साँच्चीकै ल्हासा तर्फ जान चाहन्छौ भने उत्तर तर्फ जाऊ।"

"यसले के फरक पर्छ र मेरा घोडाहरू अति नै राम्रा छन्।"

"तिम्रा घोडाहरू जतिसुकै राम्रा भए पनि उल्टो दिशा सुल्टो त हुँदैन।"

"कुनै कुरा छैन मेरो सारथी पनि राम्रो छ त्यसले जस्तोसुकै कठिनाइ पनि पार गर्छ। र म आफै पनि तीक्ष्ण वुद्धिको मान्छे छु, अप्ठ्याराहरूलाई अघिबाटै देख्न सक्छु।"

त्यो मानिसले आफ्ना हितलाई मानेन र मित्रको भनाइलाई उपेक्षा गर्दै लगातार गलत दिशातिर अगाडि बढिरह्यो। नतिजा यस्तो भयो कि उसका असल घोडा, राम्रो धन र कुशल सारथी उसको लक्ष्यबाट झन् झन् टाढा हुँदै गए र अज्ञात दिशामा गएर लोप भए।

महासंघहरु वीच विषय आधारित एकताको थालनी

# जेण्डर समानता र प्रवर्द्धनको लागि ट्रेड यूनियन

एउटै समाजमा बस्ने सबै नागरिकहरूले भोग्ने जेण्डर (सामाजिक विभेद) समस्या उस्तै हुन्छ, यद्यपि त्यसको महसुस फरक फरक ढंगले गर्न सकिन्छ। नेपालको श्रम क्षेत्रमा जसरी महिलाहरूको सहभागिता बढ्दै गएको छ, जेण्डर सवाल ट्रेड यूनियन आन्दोलनको एउटा महत्वपूर्ण र अभिन्न विषय बन्न पुगेको छ।

यसै परिप्रेक्ष्यमा हाम्रो देशमा क्रियाशील ट्रेड यूनियन केन्द्रहरूले जेण्डर समस्यालाई साझा रूपमा उठाउने सोचलाई कार्य रूप दिने सन्दर्भमा यसको औपचारिक प्रक्रिया गत असोज ४ गते नेपाल ट्रेड यूनियन महासंघको कार्यालय पुतलीसडकमा बसेको पहिलो बैठकले शुरू गरेको छ । पहिलो बैठकबाट नै तीन वटै महासंघ र स्वतन्त्र फेडेरेसनहरूको सहभागितामा राष्ट्रिय स्तरको कार्यशाला गरी श्रम क्षेत्रको साझा जेण्डर सवालहरू तय गर्ने र यसलाई क्रमशः सामाजिक सहयात्रीका रूपमा रहेका रोजगारदाता र सरकारसंग पनि छलफललाई अगाडि बढाउँदै अन्त्यमा श्रम क्षेत्रमा साझा जेण्डर सवाल तय गर्दै अगाडि बढ्ने सोच अनुसार महासंघहरू बीच छलफल शुरू भयो।

नेपाली ट्रेड यूनियनहरूको बीचबाट थालिएको यो प्रयासलाई अन्त्यमा दक्षिण एसिया स्तरमा नै साझा जेण्डर सवाल र संयन्त्र बनाउनेसम्मको सोचबाट यो कामको शुरूवात भएको छ।


यो सोचलाई कार्य रूप दिनको लागि तिनै वटा ट्रेड यूनियन केन्द्रहरू, नेपाल ट्रेड यूनियन महसंघ (जिफन्ट), नेपाल ट्रेड यूनियन कांग्रेस (एनटियूसी) र नेपाल प्रजातान्त्रिक ट्रेड यूनियन महासंघ (डिकोण्ट) का प्रतिनिधिहरू बीच कार्तिक ८ गते बसेको दोस्रो बैठकबाट "जेण्डर समानता र प्रवर्द्धनको लागि ट्रेड यूनियन - तदर्थ कमिटी (Trade Unions' Adhoc Committee for Gender Equality and Promotion) को गठन गरेको छ।

तिनै वटा ट्रेड यूनियन केन्द्रको तर्फवाट २/२ जना प्रतिनिधि रहेको उक्त कमिटीमा जिफन्टको तर्फबाट बिन्दा पाण्डे - प्रमुख, शिक्षा विभाग र बिना श्रेष्ठ- प्रमुख, केन्द्रिय महिला मजदुर विभाग, एनटियूसीको तर्फवाट लिला मानन्धर- महिला विभाग सदस्य र पुष्पा भुसाल- कानुनी सल्लाहकार र डिकोण्टको तर्फबाट रमा पौडेल- महिला उपाध्यक्ष र सुलोचना सापकोटा -महिला विभाग सदस्य रहेका छन्।

बैठकमा जिफन्टका महासचिव बिष्णु रिमाल, एनटियूसीको सचिव रामजी कुँवर, आइएलओका सिनियर एड्भाइजर लैला टेग्मो रेडी, प्रोग्राम कोअर्डिनेटर गगन राजभण्डारी र सिनियर जेण्डर स्पेशलिष्ट ज्योती तुलाधरको उपस्थिति थियो।

यसै कमिटीको आयोजनामा आगामि मंसीर २७ र २८ गते पहिलो कार्यशाला गर्ने र श्रम क्षेत्रमा रहेका जेण्डर समस्याहरू पहिचान गरी समाधानको लागि रणनीति तय गर्नेसम्मको योजना बनेको छ। यसै कार्यशालाबाट एक वर्षसम्मको लागि कार्य योजना पनि तयार पार्नेछ।

# क्रान्तिकारी किसान नेता भीमदत्त पन्त



*महाकाली क्षेत्र देशमा प्रजातन्त्र आउनुअघि नै स्वतन्त्र भएको घोषणा भयो। भीमदत्त पन्त त्यस क्षेत्रको गभर्नर भए।*

*प्रजातन्त्र पछि भीमदत्त पन्तले दिल्ली सम्झौताको विरोध गरी जनपक्षीय क्रियाकलापहरु अगाडि बढाए। घरघरमा छापा मारेर तमसुकहरु जलाए। नेपाली कांग्रेसका तर्फबाट प्रधानमन्त्री भएका मातृका प्रसाद कोइरालाको सरकारबाट जनपक्षीय क्रियाकलापलाई "आतंकवादी" ठह्‍याई उनलाई भारतीय सेनाको सहयोगमा पक्रियो र टाउको काटी हत्या गरियो।*

१९८३ साल मंसीर १० गते डडेल्धुराको घटाला गाउँमा जन्मिएका भीमदत्त पन्तले १५ वर्षको उमेरमा भारतबाट म्याट्रिक पास गरी आफ्नै गाउँमा संस्कृत पाठशालाहरू स्थापना गरे र २००१ सालमा उनी फेरि थप अध्ययनको लागि भारत गए।

भारतमा त्यतिबेला अंग्रेज शासनको विरूद्ध स्वतन्त्रता आन्दोलन चलिरहेको थियो। उनी पनि त्यस आन्दोलनमा सरिक भए र २००३ सालमा जेल परी भारतको स्वतन्त्रतापछि उनी जेलमुक्त भए।

भारतबाट स्वदेश फर्केरपछि उनी राणा शासन विरोधी आन्दोलनमा सरिक भए। डडेल्धुराका गरीब किसान जनतालाई सचेत र संगठित गर्ने काममा लागेका उनी पन्तलाई २००६ सालमा नेपाली कांग्रेसको सदस्य बनेपछि पार्टीले बैतडी र डडेल्धुरा मोर्चाको जिम्मा दिएको थियो।

मोर्चाको जिम्मा पाएपछि उनी सशक्त रूपमा अघि बढ्न थाले। उनको क्रान्तिकारी आन्दोलनबाट सामन्तहरू थर्कमान भए। सामन्तहरूको सल्लाह अनुसार उनलाई पक्राउ गर्‍यो र मार्ने षड्यन्त्र हुन थाल्यो। किसानहरूले सामन्तहरूको षडयन्त्र थाहापाए र ठूलो जनविद्रोहको तयारी गरे। यसबाट सामन्तहरू झन तर्से र उनलाई छोड्न बाध्य भए।

डडेल्धुरामा राणा शासन विरोधी आन्दोलन झन् झन् चर्किँदै गयो। महाकाली क्षेत्र देशमा प्रजातन्त्र आउनुअघि नै स्वतन्त्र भएको घोषणा भयो। भीमदत्त पन्त त्यस क्षेत्रको जनसरकारको गभर्नर भए।

आन्दोलन चर्किँदै गयो। अब राणाहरूको शासन दगमगाउन थाल्यो। अन्त्यत भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको मध्यस्थतामा राणा, कांग्रेस र राजा त्रिभुवनको बीच भारतको राजधानी दिल्लीमा त्रिपक्षीय संझौताबाट देशमा प्रजातन्त्र आएको घोषणा गर्‍यो। तर यसले जनताको जीवनमा कुनै ठूलो सुधार हुने लक्षण नदेखेपछि भीमदत्त पन्त यसको कडा विरोधमा उत्रे।

प्रजातन्त्र आएर पनि जनताको समस्या समाधान नहुने नदेखेपछि भीमदत्त पन्त जनताको दैनिक समस्या सुल्झाउनतिर लागे। उनले सामन्त र व्यापारीहरूले नून तेल मट्टितेल चामल जस्ता दैनिक उपभोग्य सामान लुकाएको विरोधमा गोदामहरू फोर्ने र जफत गरेका सामानहरू जनतालाई बाड्न थाले। यसरी जनताको दैनिक समस्या सुल्झाउने आन्दोलनका साथसाथै उनले किसानहरूको जीवनमा आमूल परिवर्तन गर्न किसान आन्दोलनको घोषणा गरे र भने – " कि त जोत हलो कि त छोड थलो, यदि हैन भने अब छैन भलो"।

किसान आन्दोलन गाउँगाउँमा फैलिंदै गयो। कांग्रेसले उनको नेतृत्वमा संचालन भएको किसान आन्दोलनको विरोध गऱ्यो। त्यसपछि उनको कांग्रेस संगको सम्बन्ध विच्छेद भयो र उनीको सम्बन्ध भारतीय मार्क्सवादीसंग हुनपुग्यो। २००९ सालमा उनी काठमाडौंमा आएर कम्युनिस्ट पार्टीसंग सम्पर्क गरे। कम्युनिस्ट पार्टीले उनलाई किसान फाँटको जिम्मा दियो। त्यसपछि वहाँ झन सक्रियताका साथ किसान आन्दोलनमा लागे। त्यतिखेर नै उनले कमैया प्रथाको विरोध शुरू गरेका थिए। किसान आन्दोलन अब डडेल्धुरा हुँदै बैतडी, बाजुरा, बझाङ, कैलाली र कञ्चनपुरसम्म फैलियो। उनले गठन गरेको शान्ति सेना मजबुत हुँदै गयो। र यसले सामन्तहरूको तमसुक जलाउने, लुकाएका अन्न फोर्ने र गरीब किसानहरूलाई बाँड्ने आदि गर्न थाल्यो।

भीमदत्त पन्तको यस क्रान्तिकारी कारवाहीले सामन्तहरूको सातो गयो र आफ्नो सुरक्षाको लागि केन्द्र सरकारसंग सहायता मागे। केन्द्र सरकारले सामन्तहरूको अनुरोधमा पन्तलाई पक्री कञ्चनपुर जेलमा थुन्यो। उनलाई थुनेपछि आन्दोलन अझ चर्किन थाल्यो। जनदवावका कारण उनलाई जेल मुक्त गरियो। तर रेडियोबाट उनलाई भागेको भनेर प्रसार गरियो। यस काममा तत्कालिन बडाहाकिम समेत संलग्न भएको कुरा भीमदत्त पन्तले थाहा पाए र बडाहाकिम माथि नै जाइलागे। त्यही वेला उनी फेरि समातिए तर जेल चलानको समयमा भाग्न सफल भए।

त्यसपछि उनीले भूमिगत रूपमा काला बजारी र भ्रष्टाचारीहरूको विरोधमा आन्दोलन छेड्न थाले। कैयौं कालाबजारीहरूलाई महाकाली नदीमा बगाइदिए। केन्द्र सरकार थर्कमान भयो र उनलाई पक्रन भारतीय सरकारलाई गुहारे। भारतीय सेना पश्चिम नेपालको गाउँ गाउँ घुमेर घरघरमा छापा मार्न थाल्यो। केन्द्र सरकारले उनलाई "आतंकवादी कम्युनिस्ट" घोषणा गऱ्यो र उनको सुराक दिनेलाई ५ हजार रूपैयाको इनाम दिने घोषणा गऱ्यो। भीमदत्त पन्त त्यसको पर्वाह नै नगरी भूमिगत रूपमा क्रियाशील रहे।

२०१० सालको श्रावण १७ गते एकजना किसानको घरमा जाँदा ५ हजार रूपैयाँको लोभले त्यस किसानले विश्वासघात गरी उनलाई पक्रायो। उनलाई सिपाहीहरूले चारैतिरबाट घेरा हाली हतियार खोसे। बाँधेर सडकमा घिसार्न थाले। उनले सामन्तहरूका विरूद्ध र जनताको पक्षमा बोलिरहे। त्यतिकैमा उनीमाथि गोली चलाइयो र त्यसपछि उनको टाउको काटियो। सिपाहींहरूले उनको काटिएको टाउको गाउँ गाउँ घुमाए र अन्त्यमा सार्वजनिक ठाउँमा झुण्ड्याएर राखे। यो घटनाले गरीब जनताहरूको मुटुमा वर्ग शत्रुप्रति तीव्र घृणा जगायो। गरीब जनताहरूले आँखाबाट तर्तरी आँसु झारे। शोक मनाउन थाले।

भीमदत्त पन्तको हत्यापछि उनको टाउको लिन उनकी श्रीमती पार्वतीदेवी बडाहाकिमकहाँ गइन्। उनलाई ३१ वटा शर्तहरूमा सही गर्न लगाएर टाउको बुझाइयो। उनको काजक्रिया समेत गर्न दिइएन।

तत्कालिन कांग्रेसको सरकारले एउटा क्रान्तिकारी किसान नेता भीमदत्त पन्तको टाउको त काटे तर उनको स्वाभिमान र विश्वास सधैं अटल र अमर छ।


२०५७

**विजया दशमीको सुखद उपलक्ष्यमा हार्दिक**

# शुभकामना

**– हुलास वायर इण्डस्ट्रीज, परिवार**
**टंकी, मोरङ**



NLO Gulf

**२०५७ सालको वडा दशैं, दिपावली एवं नेपालको संविधान २०४७ को ११ औं संविधान दिवसको उपलक्ष्यमा, समस्त देशवासी, हाम्रो तमाम उपभोक्ताहरुमा तथा विक्रेताहरुमा सुख समृद्धि एवं सु-स्वास्थ्यको हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं।**

भवदीय
रघुवरमान श्रेष्ठ
महाप्रवन्धक
नेपाल ल्यूव आयल लि. परिवार




# समाजवाद अपराजय छ, मार्क्सवादको विकल्प छैन... समाजवाद कहिल्यै फेल खाँदैन



केही वर्ष पहिले एउटा पश्चिमा पूँजीवादी साप्ताहिक- न्यूजवीकले घोषणा नै गरिदियो नेपालमा कार्ल मार्क्स जीवित छन्। तिनै जिउँदा कार्ल मार्क्सको देशमा, नयाँ शताब्दिमा समाजवादको विजयको घोषणाका साथ राजधानी काठमाडौंमा ६ नोभेम्वर, २००० का दिन "एक्काइसौं शताब्दिको समाजवाद" विषयक अन्तरराष्ट्रिय सम्मेलन भव्यताका साथ प्रारम्भ भयो।

विभिन्न राष्ट्का २८ कम्युनिस्ट तथा समाजवादी पार्टीका ५० जनाको प्रतिनिधित्व रहेको यो अन्तरराष्ट्रिय सम्मेलनको उद्घाटन अन्तरराष्ट्रिय गीतको सामूहिक गानबाट भएको थियो। र, त्यस सामूहिक गानमा विभिन्न पार्टीका नेता, अन्तरराष्ट्रिय व्यक्तित्व, सामाजिक कार्यकर्ता, बुद्धिजीवी, व्यवसायी, लेखक, पत्रकारहरूले आआफ्नो भाषामा, आआफ्नो स्वरमा तर एउटै भावना, एउटै लक्ष्य र एउटै प्रतिबद्धता समेटिएको अन्तरराष्ट्रिय गीत गाएका थिए।

गायनको शुरूवात, एक्काइसौं शताब्दिको प्रतिनिधित्व गर्दै जनसाँस्कृतिक मञ्चका कलाकारहरूले आकर्षक ढंगले गरे। जब "उठ जाग ए भोका नांगा......" ले अन्तरराष्ट्रिय सभा भवन गुञ्जायमान भयो, एक्काइसौं शताब्दिको प्रतिनिधित्व गर्दै एक्काइस जना पिपुल्स भोलोन्टियर्सहरू हसिया हथौडा अंकित लाल झण्डा फहराउँदै मञ्चमा उपस्थित भए। "बाँध्ने छैन परम्पराको साँग्लोले .........“ घन्किरह्यो, लालझण्डाहरू फहराइरहे। सम्पूर्ण सहभागीहरू आआफ्नो स्थानबाट उठेर, मुठी उजाउँदै अन्तरराष्ट्रिय गीतको गायनमा डुबेका थिए।

एशियाका होउन् या अष्ट्रेलियाका, युरोपका होउन् या उत्तर अमेरिकाका, कम्युनिस्ट होउन या बामपन्थी या सामाजिक न्यायमा समर्पित कार्यकर्ता त्यस समारोहमा सबैका शीर झुकेका थिए कम्युनिस्ट, प्रजातान्त्रिक तथा सामाजिक आन्दोलनमा शहादत प्राप्त व्यक्तित्वहरूको सम्मानमा। एक मीनेटको त्यो मौनधारणले विगत सिंगो युगकै आन्दोलनको स्मरण गराएको थियो।

नेकपा (एमाले) का महासचिव, प्रमुख प्रतिपक्षी दलका नेता तथा उद्घाटन समारोहका अध्यक्ष कमरेड माधवकुमार नेपालले ह्यामर ठोकेपछि समारोह कार्यक्रम प्रारम्भ भएको थियो। र, स्वागत सम्मेलनका संयोजक कमरेड प्रदिप नेपालले गर्नुभएको थियो।

अन्तरराष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा भारतीय कम्युनिस्ट पार्टीका डी.राजा, भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का सुकोमल सेन, चीनियाँ कम्युनिस्ट पार्टीका यु होङ जुङ्, कम्युनिस्ट पार्टी इन डेनमार्ककी अध्यक्ष वेटी एफ कार्लसनले उद्घाटन मन्तव्य व्यक्त गर्दै समाजवादप्रतिको आस्था, प्रतिबद्धता र त्यसको विजयप्रतिको विश्वास जाहेर गर्नुभएको थियो। र,

समारोहमा उपस्थित सम्पूर्ण सहभागीहरूले त्यस उद्घोषको समर्थनमा जोडदार ताली बजाएका थिए। एक कमरेडको शब्दमा क्युवादेखि काठमाडौं सम्मको समाजवादप्रतिको निष्ठा विश्वकै लागि गौरवको विषय थियो। नेपाली अनुभवमा आधारित हुँदै उदघाटन समारोहका अध्यक्ष कमरेड माधवकुमार नेपालले पनि आफ्नो उद्घाटन मन्तव्यमा समाजवाद अपराजय छ, मार्क्सवादको विकल्प छैन र समाजवाद कहिल्यै फेल खाँदैन भन्नुभयो।

अन्त्यमा, सम्मेलन स्टेरिङ्ग कमिटीका संयोजक कमरेड ईश्वर पोखरेलले समारोहका सहभागीहरूलाई धन्यवाद व्यक्त गर्नुभयो।

**प्लेनरी र कार्याशाला**

**सम्मेलनको विज्ञप्ति**

अन्तरराष्ट्रिय समाजवादी सम्मेलनको अन्त्यमा एक विज्ञप्ति जारी भयो। "विश्वभरका समाजवादीहरू उच्च मानसिकता र बलियो ऐक्यबद्धतासहित एकपटक पुनः काठमाडौंमा जम्मा भए र समाजवादको विकास र विस्तारको बारेमा व्यापक छलफल गरे। बीसौं शताब्दिको अन्त्यतिर समाजवादी आन्दोलनले अस्थायी धक्का व्योहोर्नु परे पनि विश्व समाजवादी आन्दोलन फेरि सुदृढ हुँदैछ। गत साल सियाटलबाट शुरू भएर विभिन्न ठाउँमा फैलदै गएको जनताको एकताबद्ध आन्दोलन एक्काइसौं शताब्दि जनताको शताब्दि भन्ने कुराको जिउँदो साक्षी बनेको छ। यसले जनताको पक्षमा थप विश्वास थपेको छ।

अर्कातर्फ, विज्ञान र प्रविधिको विकासका साथसाथै पूँजीवादीहरू थप समस्याको भुमरीमा फस्दै गएका छन्। यसले स्पष्ट पारेको छ समाजवादले मात्रै यो समस्याको समाधान गर्न सक्नेछ।"





विज्ञप्तिमा अगाडि भनिएको छ–"हामी गर्व गर्छौं, गत शताब्दिमा मार्क्सवादको व्यानरमुनि समाजवादी आन्दोलनले मानव सभ्यताको विकासमा उल्लेखनीय उपलब्धि प्राप्त गऱ्यो। हामी गौरवान्वित छौं। सोभियत अक्टोवर क्रान्तिको छालले विश्वलाई प्रभावित गऱ्यो।"

विज्ञप्तिमा "श्रमिक वर्गले प्राप्त गरेको उक्त सफलताको उच्च मूल्यांकन र त्यस आन्दोलनका शहीदहरूप्रति सम्मान व्यक्त गर्दछौं। हामी भिन्न भिन्न समाजमा त्यहाँको वस्तुगत स्थितिमा आधारित संघर्षका फरक फरक रूप रहने कुरालाई स्वीकार्छौं। पूँजीवादी आर्थिक विश्वव्यापीकरणले निम्त्याएको आर्थिक संकटको बारेमा सचेत रहँदै, उत्पादनका क्षेत्रमा देखापरेको विविधतालाई महसुस गर्दै समस्याको समाधान समाजवादले मात्रै गर्न सक्छ भन्ने कुरामा हामी निर्धक्क छौं" भनिएको छ।

विज्ञप्तिको अन्त्यमा निम्न कुराहरूप्रति प्रतिबद्धता व्यक्त गरिएको छ–

- वर्ग संघर्षको माध्यमबाट समाजमा विद्यमान सबै किसिमका शोषण र उत्पीडनका विरूद्ध आन्दोलित समाजवादीहरूले समाजको स्वतन्त्रता, मुक्ति र स्वस्थ वातावरणका लागि संचालित जनताका सबै किसिमका आन्दोलनहरूमा नेतृत्व, सहयोग र ऐक्यबद्धता प्रदर्शन गर्दै जेन्डर, जाति, भाषा आदिका नाममा हुँदै आएका विभेदहरूको अन्त्यको आन्दोलनमा सहभागी हुने
- विश्वभरका समाजवादीहरू साम्राज्यवादीले सृजना गरेका समस्या र अप्ठेराहरूको विरूद्ध जुझ्दै प्रजातन्त्र र राष्ट्रिय मुक्तिको आन्दोलनको नेतृत्व लिंदै आपसी सहयोगलाई बढाउने ।
- समाजवादी आन्दोलनमा रहेको विविधतालाई सम्मान गर्दै अनुभव आदानप्रदानको माध्यमबाट आपसी सहयोग र समभ्रुदारीको विकास गर्ने विश्वभरका समाजवादी आन्दोलनले हालसम्मप्राप्त गरेका उपलब्धिहरूको रक्षा गर्ने ।
- मानव मुक्तिको साभ्रा विषयमा विश्वभरका समाजवादीहरूले आपसी सहयोग, नेटवर्क र ऐक्यबद्धताको क्षेत्रमा विकास गर्ने ।
- एक्काइसौं शताब्दि जनताको शताब्दि– न्याय, स्वतन्त्रता र शान्तिको शताब्दि हुने।



# समाजवाद निर्माणका भिन्न भिन्न अनुभवहरू

– प्रदिप नेपाल

बीसौं शताब्दि आधारभूत रूपमा समाजवादको शताब्दि रह्यो। विश्व इतिहासका धेरै शताब्दिहरूमा कहिल्यै यति छिटा परिवर्तनहरू भएका थिएनन्। भोलि पनि हुँदैनन् भन्न त सकिँदैन, तर बीसौं शताब्दिका उतारचढाबको तीव्रतालाई तिनले पार गर्लान् भनिहाल्न सजिलो छैन।

बीसौं शताब्दिले आफ्नो अभूतपूर्व प्रगति र चिताइनसक्नुको असफलतालाई एकैचोटी बेहोर्‍यो। १९१७ मा सोभियत क्रान्तिको सफलता पछि सभ्यताले एउटा नयाँ युगमा प्रवेश गर्‍यो। त्यो युग सर्वहारा क्रान्तिको युग थियो, जनताको युग थियो। त्यो, उत्पीडित जनसमुदाय र उत्पीडित राष्ट्रहरूको युग थियो। जनताले आफ्नो हातमा सत्ता अनुभूत गरेको युग थियो। त्यसै हुनाले १९१७ पछि जनआन्दोलन र जनक्रान्तिको अभूतपूर्व लहर नै आयो। तर एउटा शताब्दिको समाप्ति पनि हुन नपाउँदै त्यही सोभियत क्रान्तिले निर्माण गरेको समाजवाद, भुईंचालोले ध्वस्त पारेको शहर जसरी धरासयी भयो। मान्छेले कल्पना समेत गर्न नसक्ने ढंगले त्यो आफैंसित पराजित भयो। हामीले त्यसलाई एउटा निश्चित मोडेलको समाजवादको पतन पनि भन्यौं। तर जे भए पनि त्यो, समाजवादले आफूलाई निर्माण गर्ने क्रममा उत्पन्न भएका अन्तरविरोधहरूलाई समाधान गर्न नसक्ने यथार्थको अभिव्यक्ति थियो। त्यो समाजवाद निर्माणका सन्दर्भमा एउटा गम्भिर नकारात्मक शिक्षा थियो।

गएको शताब्दिमा समाजवादी क्रान्ति र समाजवाद निर्माणका अनुभवहरूमा महसुस गर्ने ढंगको भिन्नता रह्यो। क्रान्ति वा परिवर्तनको आधार मूलतः आन्तरिक हुन्छ। जुनसुकै समाजमा पनि विद्यमान अन्तरविरोधहरूको समाधानका खातिर क्रान्ति सम्पन्न हुन्छ। त्यसैले अलग अलग मुलुकका क्रान्तिकारी परिवर्तनका अलग अलग अनुभवहरू रहेका हुन्।

अक्टोबर क्रान्ति, चिनिया मुक्ति संघर्ष र क्यूबाली क्रान्तिले यसको पुष्टि गरेका छन्। १९१७ मा सम्पन्न अक्टोबर क्रान्तिदेखि १९७५ मा सम्पन्न लाओसको मुक्ति संघर्षको सफलतासम्मका अनुभवहरू एकै खालका रहेनन्। तिनको आधारभूत चरित्र एउटै रहे पनि आन्दोलन संचालनको प्रक्रिया, नेतृत्वको सवाल, शक्तिको गोलबन्दी जस्ता महत्वपूर्ण विषयमा विविधता रहेको छ।

सामाजिक क्रान्तिमा देखिएको विविधताको प्रत्यक्ष असर त्यो देशको समाजवाद निर्माणमा पनि देखिनु स्वाभाविक थियो। एउटा राष्ट्रमा समाजवादको निर्माण गर्ने काम

आधारभूत रूपमा उसको आन्तरिक विकास, अग्रगति र सुदृढीकरणको योजना हो। आफ्नो मुलुकको सामाजिक आर्थिक धरातलमा उभिएर उसले आफ्ना नागरिकहरूको जीवनस्तर वृद्धि गर्ने, वैज्ञानिक आविष्कारहरूलाई आफ्नो मुलुकको वास्तविकतासंग मेल खाने गरी प्रयोग गर्ने, आफ्नो मुलुकको समृद्धिको ठोस योजना बनाउने र आफ्नो सामाजिक जीवनबाट सामन्ती, साम्राज्यवादी, पूँजीवादी शोषण समाप्त गर्ने काममा सफलता हासिल गर्ने पक्ष नै समाजवाद निर्माणका सबैखाले अनुभवहरूको निचोड रह्यो। त्यसैले समाजवाद निर्माणका आ-आफ्नै अभ्यासहरू हामीले अनुभव गर्‍यौं।

एक देश र अर्को देशको समाजवाद निर्माणका अनुभवहरू उस्तै हुनुपर्छ भन्नु विज्ञानसम्मत चेतना होइन। यसैकारण सोभियत संघ लगायत यूरोपेली मुलुकहरूको समाजवाद निर्माणको अनुभव र चीन लगायत एशियाली मुलुकहरूको समाजवाद निर्माणको अनुभवमा भिन्नता देखिनु एकदमै स्वभाविक थियो। एउटा खास कालमा सबै मुलुकको समाजवाद निर्माणको अभ्यास उस्तै रह्यो। निजी सम्पत्ति र स्वामित्वको प्रथा समाप्त गर्ने, उत्पादनका सम्पूर्ण साधनहरू माथि राज्यको पूर्ण नियन्त्रण कायम गर्ने, उत्पादनका साधनको परिचालनलाई पनि केन्द्रीय योजनाको अधिन राखिने जस्तो तरीका सबैतिर अवलम्बन गरियो। समाजवादी आन्दोलनको सफलताले उत्कर्ष देखिरहेको त्यही खास कालमा वैज्ञानिक समाजवादको वर्गीय अवधारणाबाट अलग रहेका मध्यमार्गीहरूले पनि समाजवाद निर्माणको कार्यक्रम अघिसारे र त्यसका कतिपय पक्षहरूलाई आफ्नो सामाजिक व्यवहारमा उतारे। त्यो अनुभव त हरेक हिसाबले नै भिन्न रह्यो। परम्परावादी ढाँचाले समाजवाद निर्माण गर्नेहरूबाट त्यो प्रयत्नको विरोध भए पनि तिनले अघिसारेका लोककल्याणकारी राज्यको अवधारणा, सामाजिक सुरक्षाको सवाल जस्ता विषयहरू समाजवादी मान्यताबाट भिन्न रहेका थिए भन्न गाह्रो हुन्छ। उनीहरूको व्यवहारले पूँजीवादका विशिष्ट पक्षहरूलाई तिरस्कार गरे र पूँजीवाद आफैं भित्र पनि टिकिरहने व्यवस्था होइन भन्ने सन्देश विश्वलाई दिए। यद्यपि, सामाजिक संरचनाको



धरातल नै वर्ग संघर्षमा टिकेको हुनाले वर्ग संघर्षको वैज्ञानिक मान्यताबाट अलग रहेर गरिएको त्यो प्रयत्न, आफ्नो लक्ष प्राप्ति गर्न कत्तिको सफल होला भन्ने गम्भिर प्रश्न अहिले पनि जीवित छ।

मार्क्सवादी दृष्टिकोणका आधारमा, आफ्नो देशको ठोस परिस्थितिमा उभिएर अलग अलग तरीकाबाट समाजवादको निर्माण गर्ने प्रयत्न हाम्रो विगत हो। बीसौं शताब्दिको आधा समय समाजवादी विचारको प्रभुत्वको काल रह्यो। विश्वको झण्डै एक चौथाई जनसंख्या प्रत्यक्षरूपमै समाजवाद निर्माणको कार्यमा संलग्न भयो र तिनीहरू सबै आफ्नो देशको विशेषताद्वारा निर्देशित रहे। तिनीहरूले गरेको प्रगति र समाजवादप्रति जनताको अभूतपूर्व समर्थन देखेर नै पूँजीवादले आफ्ना स्थापित अवधारणाहरूको समीक्षा गर्नुपर्ने स्थिति उत्पन्न भयो। आफ्नो वर्गीय सत्ता नखलबलिने शर्तको हदसम्म त्यो लचिलो हुन बाध्य भयो। समाजवादले अघि सारेका लोकप्रिय र जनहितकारी कार्यक्रमहरूलाई देखाउनका लागि पनि आफ्नो कार्यक्रम बनाउन त्यो बाध्य भयो। बीसौं शताब्दिको उत्तरार्धको आरम्भ समाजवादी आन्दोलनको उत्कर्षको काल जस्तो भयो। समाजवाद त्यतिबेला रोक्नै नसकिने अपरिहार्यता जस्तो भएर आयो।

आफ्नो मुलुकको ठोस परिस्थितिको ठोस विश्लेषण गरेर मार्क्सवादलाई सिर्जनात्मक ढंगले लागू गर्ने मुलुकहरूमा प्रतिकूलताका वावजुद समाजवाद निर्माणको कार्यले सफलता पायो। त्यो जनताको तहसम्म पुग्यो। त्यसले आवश्यकताका आधारमा आफूलाई परिमार्जन पनि गर्दै लग्यो। तर जहाँ समाजवादलाई आयात गर्ने र अरूका अनुभवका आधारमा ग्रहण गर्ने काम भयो, त्यहाँ समाजवाद जनताको तहसम्म जान सकेन। त्यसले असफलताको सामना पनि गर्नुपर्‍यो। जनताको अग्रगति, राष्ट्रको प्रगति र सभ्यताको विकास, समाजवादको आधारभूत पक्ष रह्यो। सबै समाजवादी मुलुकहरूले, आफ्ना विशेषताका वावजुद पहिलो चरणमा पर्याप्त सफलता हासिल गर्न सके। तिनीहरूले जनताको जीवनस्तर माथि उठाए, सामाजिक रूपमा महसुस गरिने परिवर्तनहरू गरे,

सबै क्षेत्रको प्रगतिको सुनिश्चितता गरे। जीवनको सन्दर्भमा समाजवाद पूँजीवादभन्दा उत्कृष्ट हो भन्ने सच्चाइलाई व्यवहारमा उतारे। पूँजीवादको चर्को नाकाबन्दी, युद्ध सम्प्रेषण, प्रत्यक्ष आक्रमण जस्ता विरोधहरूको सामना गर्दै समाजवादले सभ्यताको रक्षा गर्ने र त्यसलाई अघिबढाउने काममा अभूतपूर्व सफलता प्राप्त गऱ्यो।

भिन्न भिन्न कारणले समाजवाद ढलेका मुलुकहरूमा गएका दश वर्षमा जनताले ब्यहोर्नु परेको अशान्ति, असुरक्षा, हिंसा, आतंक र अभावले पनि समाजवादको उत्कृष्टतालाई प्रमाणित गरेको छ। गाँस, बास र कपासको समस्या भन्ने सुन्न पनि नपरेका सोभियत नागरिकहरू समाजवादको पतनपछि सार्वजनिक हिसाबले भिखमंगा बन्न पुगेका छन्, भोक उनीहरूको परिचय बनेको छ भने राष्ट्रिय स्वाभिमान बन्धकीमा परेको छ। समाजवादको कालमा सिंगो पूँजीवादी दुनियालाई पराजित गरेर विश्व सामु शिर ठाडो पार्ने सोभियत संघ समाजवादको समाप्तिसंगै सबैद्वारा तिरष्कृत हुने अवस्थामा पुगेको छ।

यो प्रत्यक्ष महसुस गरिने परिवर्तन नै समाजवाद र पूँजीवाद बीचको तुलनात्मक अध्ययन भएको छ। खालि सोभियत संघ मात्र होइन, अरू मुलुकहरूको अनुभव पनि यस्तै रहेको छ। समाजवाद विरूद्धको उत्तेजनायुक्त विरोधको अभियानको राप सकिने बित्तिकै पश्चातापको लहरले सम्बन्धित मुलुकका नागरिकहरूलाई ग्रस्त पारेको छ। मानिसहरूले दशै वर्षमा आफ्नो मुलुकमा थोपरिएको परिवर्तनलाई तिरस्कार गरेका छन्। शीतयुद्ध कालको चालिस वर्षको पूँजीवादी षडयन्त्र र कसरतको भ्रम दश वर्ष बित्दा नबित्दै मरेर गरेको छ। पूर्व यूरोपका समाजवादी मुलुकका साथै मंगोलियामा भएका निर्वाचन परिणामहरूले यही सच्चाइको पुष्टि गरेका छन्। समाजवाद ढालिएका एउटा पनि मुलुकहरूमा यतिबेला सन्तुष्टि, शान्ति, स्थिरता, प्रगति र अग्रगतिका सम्भावनाहरू देखिएका छैनन्।

समाजवाद निर्माणमा आआफ्ना विशिष्टता रहे पनि तिनमा निहित विरोधहरूको सही समाधानका लागि सफल प्रयत्न हुन सकेन। समाजवाद निर्माणमा देखापरेका समस्या र त्यसभित्रका अन्तरविरोधहरूलाई मार्क्सवादसम्मत ढंगबाट समाधान गर्ने काम हुन सकेन। विश्व पूँजीवादसंगको प्रतिस्पर्धामा समाजवादलाई समयको गतिसंगै आधुनिक, उन्नत र सुदृढ तुल्याउनु पर्ने काम हुन सकेन। त्यसले बरू समाजवाद निर्माणको सूत्र र एकरूपता खोजी गर्न थाल्यो। यो एकप्रकारको जडता थियो र जडताले आन्दोलनलाई पछिल्तिर धकेल्नु स्वभाविक थियो। यो गम्भिर समस्यालाई राजनीतिक रूपबाट समाधान गर्ने काम भएन।

समाजवादी मुलुकहरूका बीचको अन्तरविरोध तीव्र बनिरहेको अवस्थामा समेत समाजवाद निर्माणका विविधतालाई केलाउने र स्वीकार्ने काम हुन सकेन। समाजवादी मुलुकहरू स्वयं युद्धको विन्दुमा पुगे, तर तिनले सामान्तवाद साम्राज्यवाद विरोधी संघर्षमा विविधता भए जस्तै समाजवाद निर्माणमा पनि विविधता हुन्छ भन्ने स्वीकार्न चाहेनन्।

सामाजिक क्रान्ति र समाजवाद निर्माणका सन्दर्भमा अहिले पनि सबै ठाउँको समस्या र तिनको समाधान एकैखालको छैन। क्युबाका कमरेडहरू गम्भिर नाकाबन्दी र छिमेकमै उभिएको आततायी शत्रुका विरूद्ध चौबिसै घण्टा जुध्न वाध्य छन्। उत्तर कोरिया साम्राज्यवादको अति डरलाग्दो नाकाबन्दीबाट भरखर भरखर बाहिर निस्कने स्थिति उत्पन्न हुँदैछ। चीनको स्थिति यी दुई समाजवादी मुलुक भन्दा भिन्न छ। साम्राज्यवादले त्यसमाथि लाद्न खोजेका सबैखाले दबाब र नाकाबन्दीहरू निस्प्रभावी सावित भइसकेका छन्। पूर्व समाजवादी मुलुकहरूमा निर्माणको नयाँ प्रयत्न आरम्भ भएको छ र त्यो माथि उल्लेख गरिएको निर्माणभन्दा भिन्न छ। भियतनामको अनुभव पनि यसभन्दा फरक छ।

यही स्थिति सामाजिक क्रान्तिको कार्यमा संलग्न मुलुकहरूको पनि छ। चाहे सशस्त्र संघर्षको निरन्तरता होस्, चाहे जनआन्दोलनको सफल संचालन होस् या संसद भित्रको गतिविधि मार्फत अग्रता हासिल गर्ने कोशिश होस्, सबै अनुभवहरूका आआफ्ना विशिष्ट पक्ष छन् र तिनीहरूमा ठ्याक्कै एउटै खालको समानता खोज्नै सकिँदैन।

यथार्थमा बहुलता एउटा आम नियम हो। प्रकृति, समाज र विकासको नियममा यसको अनिवार्य उपस्थित हुन्छ। तर यो सच्चाईलाई आधारभूत रूपमा निर्माणाधिन समाजवादले स्वीकार गर्न सकेन। समाजवाद निर्माणका आ–आफ्ना अभ्यासहरू एक अर्काबाट सिक्नका लागि हुन्छन् नकि विभाजनको खाडल बढाउन भन्ने सच्चाइलाई आत्मसात गर्न सकिएन।

विद्यमान अन्तरविरोधहरूलाई फरक विचारको अस्तित्वका आधारमा केलाउने र एकआपसबाट सिक्ने काम हुन सकेन। समाजवाद निर्माण भित्रै पनि भिन्न विचारको अस्तित्वलाई समाप्त गर्ने र आफ्नो श्रेष्ठतालाई बलात् स्थापित गर्ने गलत प्रक्रिया अवलम्बन गरियो।

यस्तो स्थितिमा हामीले स्वीकार गर्न चाहे पनि नचाहे पनि समाजवादले धक्का खानु स्वभाविक थियो।

# के हो सामाजिक सुरक्षा ?

सामाजिक सुरक्षा भनेको कुनै पनि समाजले आफ्ना सदस्यहरूलाई सामाजिक र आर्थिक कठिनाइ परेका वेला दिने संरक्षण हो। आजभोलि सामाजिक सुरक्षाको अवधारणालाई कानूनले दिने मौलिक सामाजिक अधिकार मान्न थालिएको छ। परिभाषा नै गर्ने हो भने सामाजिक सुरक्षा भनेको यस्तो प्रणाली हो जसमा समाजले आफ्ना सदस्यहरूलाई विभिन्न किसिमका व्यवस्था गरेर निम्न अवस्थामा आर्थिक सुरक्षा प्रदान गर्दछः

- आम्दानी रोक्का परेको र घटेको अवस्था
- बिरामी पर्दा र औषधोपचार
- प्रसुतीको अवस्था
- काम गर्दाको अवस्थामा दुर्घटना वा चोटपटक
- अपाङ्ग भएको अवस्था
- बेरोजगारी अवस्था
- वृद्धावस्था
- मृत्यु
- परिवार र बालबच्चाको हेरचाह

हालैका वर्षहरूमा सामाजिक सुरक्षा प्रणाली अझै व्यापक हुँदै गएको छ र आवास, शुद्ध पिउने पानी, सरसफाइ, स्वास्थ्य, शिक्षा जस्ता विषयले पनि थप महत्व पाएका छन्।

**सामाजिक सुरक्षाका तीन उद्देश्यहरु**

१. आम्दानीमा भएको कमी र कटौतीलाई क्षतिपूर्ति गर्ने
२. स्वास्थ्यको हेरचाह र रोगव्याधिबाट सुरक्षाका लागि सुविधा र सहयोग
३. जीवनस्तरलाई घट्न नदिने र सके बढाउने तथा काम गर्न नसक्ने भइसकेका बुढाबुढी, अपाङ्ग, र बालबालिकाको हितको संरक्षण गर्ने

अर्थ र उद्देश्यलाई हेर्दा सामाजिक सुरक्षा प्रणालीले तीन किसिमले श्रमिक र देशको हित गर्दछः

१. कामका लागि प्रोत्साहन दिन्छ र उत्पादकत्व बढाउँछ।
२. रोजगारीको सृजना र रोजगारीलाई फलदायी बनाई आय र सम्पत्तिको पुनर्वितरणद्वारा गरिबी निवारणमा सहयोग पुऱ्याउँछ।
३. आर्थिक राहत प्रदान गर्दछ र अप्ठ्यारा अवस्थाहरूबाट जोगाई सम्मानपूर्ण जीवन जिउने वातावरण बनाउँछ

**कहिलेदेखि शुरु भयो र कसरी ?**

- युरोपका औद्योगिक क्रान्तिभन्दा अघि पनि शिल्पकार र कामदारहरूको बीच पेशागत भाइचाराका आधारमा एक अर्कालाई परिआउँदा सहयोग गर्न समूह (Guide) हरू बनाउने प्रचलन ३०० वर्ष अघि नै शुरू भएको थियो।
- औद्योगिक क्रान्ति पश्चात गाउँहरूबाट शहरमा थुप्रिएको नयाँ सर्वहारा साधनहीन वर्ग विशुद्ध रूपले ज्यालामा आश्रित सबैभन्दा उत्पीडित वर्गको रूपमा देखापऱ्यो। आपसमा मिलेर आफ्नो रोजगारी खोसिंदा, बिरामी हुँदा र दुर्घटना पर्दाका कठिनाइ र कष्टहरूलाई कम गर्न "आपसी सहयोग समाज" हरू बनाउने काम २०० वर्ष अघि शुरू भएको थियो।
- मजदुर वर्ग मूलतः मार्क्सवादको विकासपछि संगठित हुन थाल्यो। संगठित प्रयासले ज्याला र अन्य सुविधाहरूको समयक्रममा विस्तार हुन थालेपछि रोजगारदाता वा उद्यमीले सामाजिक सुरक्षाका कतिपय खर्चहरू वहन गर्ने परम्परा झण्डै १०० वर्ष अघि शुरू भयो। यसमा कार्यस्थलमा दुर्घटना, चोटपटक र औषधोपचार जस्ता सुरक्षा व्यवस्थाहरू शुरू गरिए।
- राष्ट्रिय स्तरका कोषहरू बनाएर मजदुर, उद्यमी र सरकार तीन वटै पक्षको स्रोत लगाएर विभिन्न परियोजना संचालन गर्ने, छुट्टै सामाजिक सुरक्षा ऐन कानूनहरू बनाउने र व्यवस्थित सामाजिक सुरक्षा प्रणाली संचालन गर्ने कामले गति लिएको भने लगभग ५५ वर्ष भयो।
- पहिलो विश्वयुद्धपछि सन् १९१९ मा आइ.एल.ओ. को स्थापनासंगै अन्तरराष्ट्रिय स्तरमा सामाजिक सुरक्षाको अधिकारले मान्यता पाएको

| सामाजिक सुरक्षाको प्रकार | लागू गरिरहेका देशको संख्या |
|---|---|
| १ काम गर्दा गर्दै दुर्घटना र चोटपटक | - १५९ |
| २ वृद्धावस्था सम्बन्धी व्यवस्था | - १५८ |
| ३ बिरामी हुँदा | - १०५ |
| ४. परिवार र बालबच्चाका लागि | - ८१ |
| ५ बेरोजगारीको अवस्था | - ६३ |
| ६ कुनै पनि प्रकारको एक व्यवस्था मात्र | - १६५ |

हो। १९४४ मा फिलाडेल्फिया भन्ने ठाउँमा विश्वका धेरै राष्ट्रहरूको सम्मेलनले पनि श्रमिकहरूको सामाजिक सुरक्षा अधिकारलाई ठूलो बल दियो। सन् १९४५ मा दोस्रो विश्वयुद्धपछि मानव अधिकार घोषणापत्र जारी गर्दा यसमा पनि २२ औं धारामा समाजका हरेक सदस्यलाई सामाजिक सुरक्षाको हक हुन्छ भनी घोषणा गरियो। "सामाजिक सुरक्षा" शब्दको पहिलो प्रयोग संयुक्त राज्य अमेरिकाको कानूनमा १९३५ मा गरियो। १९३८ मा न्यूजील्याण्डले पनि सामाजिक सुरक्षा ऐन निर्माण गर्‍यो।

- सन् १९५२ मा आई.एल.ओ. ले आफ्नो अभिसन्धि नं. १०२ मार्फत सामाजिक सुरक्षाका बारेमा विस्तृत व्यवस्था गर्‍यो।

**सामाजिक सुरक्षा प्रणालीले कसको सुरक्षा गरेको छ?**

सामाजिक सुरक्षा प्रणालीको शुरूआत संगठित औद्योगिक क्षेत्रबाटै भएको हो। तर विस्तार हुने क्रममा मजदुरतिरभन्दा व्यवस्थापन र सरकारी नीति निर्णायक तहतिर यसको छिटो विकास भयो। उद्यमीहरूले व्यवस्थापन पक्षलाई विभिन्न खाले सामाजिक सुरक्षा दिए भने सरकारले आफ्ना वरिष्ठ कर्मचारीलाई पहिलो प्राथमिकता दियो। अनौपचारिक क्षेत्र सबैभन्दा उपेक्षित रह्यो र अहिले पनि सामाजिक सुरक्षा सबैभन्दा आवश्यक हुने अनौपचारिक क्षेत्रका धेरैजसो मजदुरहरू भने सामाजिक सुरक्षाका फाइदाहरूबाट बाहिरै परेका छन् स्वरोजगार र कृषि मजदुरहरू त झन बाहिर छन्। सारमा भन्नु पर्दा:

**सामाजिक सुरक्षा घेराभित्र पर्ने धेरैजसो**

१. सरकारी सेवाका कर्मचारी (निजामति, प्रहरी र सैनिक)

२. सरकारी स्वामित्व भएका कारखाना वा प्रतिष्ठानका कामदारहरू

३. निजी क्षेत्रका कामदारहरू

**सामाजिक सुरक्षा घेरा बाहिरका धेरैजसो**

१. अनौपचारिक तथा असंगठित क्षेत्रका श्रमिकहरू

२. अनियमित र दैनिक ज्यालादारी मजदुरहरू

३. कृषि मजदुरहरू

४. महिला र बालबालिकाहरू

३. निजी क्षेत्रका कामदारहरू

सहकारी संस्थाहरू स्थापना गरेर पनि श्रमिकहरूले आफ्ना लागि सामाजिक सुरक्षा घेरा आफै बनाउन सक्दछन्

हाम्रो देशमा हेर्ने हो भने सामाजिक सुरक्षाको स्थिति ज्यादै कमजोर छ। सरकारी सेवाका कर्मचारीहरूले केही सुविधा पाएका छन् भने निजी क्षेत्र ज्यादै उपेक्षित अवस्थामा छ। कानूनी व्यवस्था पनि कमजोर छ र सामाजिक सुरक्षा कोषको व्यवस्था पनि हुन सकेको छैन। सामान्यतः सरकारी क्षेत्रमा पनि उपदान, पेन्सन, संचयकोष, कामको समयका सानातिना नगण्य सुविधा र केही तलबी बिदाहरू नै प्रचलित छन्। निजी क्षेत्रमा पेन्सनको व्यवस्था छैन र श्रमिकहरूको ज्यादै सानो संख्यामा नै अरू व्यवस्था पनि सीमित छन्। साथै सरकार, उद्यमी र श्रमिकबाट नगदी जम्मा हुने कोषको व्यवस्था हालसम्म नभएकाले रोजगारदातामा सामाजिक सुरक्षा भर परेको छ। यसले गर्दा कानूनले दिएका

**सामाजिक सुरक्षा प्रणालीले श्रमिकलाई दिने फाइदाहरु**

| दीर्घकालीन | अल्पकालीन |
|---|---|
| - बुढेसकालका फाइदाहरु (पेन्सन, उपदान, संचयकोष) | - प्रसुती अवस्थामा पाइने भुक्तानी र तलबी बिदाहरु |
| - काम गर्न अशक्त - अंगभंग हुँदा पाइने भुक्तानीहरु (मासिक वा एकमुष्ठ) | - बिरामी हुँदा दिइने नगदी भुक्तानी र तलबी बिदा |
| - मृत्यु भएमा आश्रितहरुले पाउने भुक्तानीहरु (मासिक वा एकमुष्ठ) | - बेरोजगारी भत्ता |
| | - औषधोपचार खर्च |

*काम गर्दा गर्दै भएका दुर्घटना वा चोटपटकमा पाइने भुक्तानीहरु र परिवार तथा बालबच्चाले पाउने भुक्तानी र सुविधाहरु भने दीर्घकालीन प्रकृतिका पनि हुन सक्छन्, अल्पकालीन पनि हुन सक्छन्।*

**सामाजिक सुरक्षाको आयोजनाका लागि कोष कसरी बन्छ?**

*१ श्रमिकको ज्याला, तलबबाट तोकिएको रकम काटी संकलन गरेर*

*२ उद्यमी वा रोजगारदाताबाट तोकिएका प्रतिशत वा रकम*

*३ करबाट वा सरकारी अनुदानको तोकिएको मात्रा*

*४. कोषको लगानीबाट भएको आम्दानी*

व्यवस्था लागू हुन नसकेर गम्भीर समस्या परेको छ। सामाजिक सुरक्षाका लागि दीर्घकालीन अभियान संचालन गर्नु आवश्यक भइसकेको छ।

**सामाजिक सुरक्षा र समाजवाद**

समाजवादी प्रणाली ज्याला आर्जकहरूका लागि मात्र नभएर सिंगो जनसंख्याको नै सामाजिक सुरक्षा प्रणाली बनाउनेतिर सिद्धान्ततः र व्यवहारमा प्रतिबद्ध रहन्छ। १९१७ को अक्टोबर क्रान्तिपछि समाजवादले दिएका सामाजिक र आर्थिक सुरक्षाले मानिसमा विश्वभरि नै समाजवादप्रति आकर्षणको एउटा लहर नै सृजना गऱ्यो। समाजवादसंग प्रतिस्पर्धामा टिक्न गाह्रो भएपछि धूर्त पूँजीवादले सामाजिक सुरक्षाका विभिन्न उपायहरू आफूले पनि अपनाउन थाल्यो। साँच्चै भन्ने हो भने अन्तरराष्ट्रिय श्रम संगठनको स्थापना अक्टोबर क्रान्तिले उत्पन्न गरेको समाजवादप्रतिको आकर्षणबाट मजदुर वर्गलाई तटस्थ राख्ने पूँजीवादको प्रयत्न थियो। त्यसैले १९४४ को फिलाडेल्फिया घोषणा र १९५२ को सामाजिक सुरक्षा अभिसन्धिले पनि समाजवादी प्रणालीमा जस्तै विभिन्न खाले सामाजिक सुरक्षा प्रावधानहरूको क्रमलाई प्रभावकारी ढंगले अघि बढाए।

समाजवाद प्रतिरक्षात्मक भएपछि, सोभियत संघ र पूर्वी युरोपको समाजवाद ढलेपछि सामाजिक सुरक्षा प्रणालीमा पनि गम्भीर असर परेको छ। राज्यहरू आफ्ना सामाजिक खर्चहरू र अनुदानहरू कटौती गर्दैछन्। उदारीकरणको नाममा करार र दैनिक ज्यालादारी तथा पिसरेटमा काम लगाई स्थायी श्रमिकको संख्या ठूलो मात्रामा कटौती गरिंदैछ। यसले गर्दा सामाजिक सुरक्षा प्रणालीको घेराबाट ठूलो संख्यामा श्रमजीवीहरूलाई बाहिर धकेलिने काम भइरहेको छ। पूँजीवाद आक्रामक भएका वेला सामाजिक सुरक्षा फितलो र सिमित हुन थालेको छ।

## जानी राखौं: शब्द परिचय



**सहकारिता :**
उत्पादनको साधनमाथि सामाजिक स्वामित्व कायम गर्नको लागि श्रमजीवी जनताहरूको संयुक्त आर्थिक क्रियाकलाप गर्न गठन गरिएको स्वेच्छिक आर्थिक संगठन।

**श्रम उत्पादकत्व :**
उत्पादनको प्रक्रियामा श्रमिकको उत्पादन क्षमता। निश्चित समय भित्र उत्पादन कार्यमा श्रमको हरेक इकाईमा लाग्ने श्रम लागतको गणनावाट यसको मापन गरिन्छ। विभिन्न समय र कारणले गर्दा श्रमिकको उत्पादकत्व घटबढ हुन्छ। जस्तो वैज्ञानिक प्रविधिको प्रयोग, श्रमिकको सीप अभिवृद्धि, विशेषीकरण र सहकारीकरण, प्राकृतिक साधन स्रोतको उचित प्रयोग आदि।

**उत्पादक शक्ति :**
उत्पादनका साधनहरू समुचित प्रयोग गर्न तथा संचालन गर्नको लागि आवश्यक पर्ने मानव शक्ति। उत्पादन शक्ति फरक फरक उत्पादन सम्बन्धको आधारमा फरक फरक समयमा फरक फरक ढंगले घटबढ हुने गर्दछ।

**उत्पादन पद्धति :**
कुनै खास उद्देश्य वा उपभोगको लागि आवश्यक वस्तु वा सेवाको निर्माण गर्ने प्रक्रिया र तरिका

**उत्पादन सम्बन्ध :**
उत्पादनको साधन र उत्पादनको शक्ति बीचको सम्बन्धलाई उत्पादन सम्बन्ध भनिन्छ। उत्पादन सम्बन्धलाई मानव समाजको विकासक्रम संग जोडेर हेर्न सकिन्छ। आदिम समाजको उत्पादनको शक्ति मानिस र साधनमा उनीहरुको जंगली हतियार थियो। यस अवस्थाको उत्पादन सम्बन्ध एक आपसमा समानतामा आधारित थियो। दास यूगमा आएर उत्पादन शक्ति दासहरु र उत्पादनको साधनमा उनीहरुले प्रयोग गर्ने औजारहरु थिए। यस अवधिको उत्पादनको सम्बन्ध दास र मालिक बीचमा थियो। त्यसै गरी सामन्ती समाजमा किसान उत्पादन शक्ति र उनीहरुले प्रयोग गर्ने औजारहरु उत्पादनको साधनहरु हुन्। यस वेलाको उत्पादन सम्बन्ध सामन्त र किसान बीचको थियो। पूँजीवादमा मजदुर उत्पादन शक्ति र मेसिन कारखाना आदि उत्पादनको साधन हुन। यस अवस्थामा पूँजीपति र मजदुर बीचको सम्बन्ध पूँजीवादी उत्पादन सम्बन्ध हो।

**सुधारवाद :**
राजनीति र मजदुर आन्दोलन भित्रको त्यो राजनीतिक प्रवृत्ति जो विद्यमान अवस्थामा सामान्य सुधार गर्दै जाने कुरामा मात्र सीमित रहन्छ।

**सहकारी श्रम :**
श्रम संगठनको त्यो रुप जसमा एउटै श्रम प्रक्रियामा धेरै व्याक्तिहरुको संलग्नता रहनेछ। र कार्य संपादनको लागि संयुक्त प्रयास गरिनेछ वा नाफा घाटामा जस अपजसमा समान भागेदारी स्वीकारिनेछ।

**सर्वाङ्गिण यंत्रीकरण :**
हातले गर्ने सबै कामको बदलामा मेसिनको प्रयोग जसबाट धेरै संख्यामा मजदुहरुको कटौती भइरहेको छ।

*समाजको हरेक क्षेत्रमा पुरुषको प्रधानता, नियन्त्रण र निर्णयको अन्तिम आधिकारिकता*

*आर्थिक उत्पादनका क्षेत्रमा पुरुषको नियन्त्रण*

*अंश र वंशको अधिकार पुरुषमा निहित*

*नागरिकता, तथा सामाजिक पहिचान पुरुषको नामबाट मात्रै हुनु सामाजिक रुपमा*

*महिलाहरु पुरुषको अधिनस्तको सोच र प्रचलन*

*नीति निर्माणका हरेक क्षेत्र (घर परिवार समाज, राज्य आदि) मा पुरुष प्रधानता*

*सानो छदा बाबु ठूलो भएपछि लोग्ने वा दाजुभाइ र बुढेसकालमा छोराको अधिनमा रहनुपर्ने पुरुष अभिभावकत्वको सोच र व्यवहार- हो पितृसत्ता*

महिला र पुरुष बीचको जेण्डर असमानताको मूल कारण पितृसत्ता हो। यो एउटा घटना नभएर, प्रवृत्ति हो, जसले समाजमा धर्म, संस्कार, परम्परा, चालचलन, मूल्य, मान्यता आदिका नाममा प्रभाव पारिरहेको हुन्छ।

आजका दिनसम्म पितृसत्ता सबै समाजमा विद्यमान छ। तर, समाजको सामाजिक, राजनैतिक, आर्थिक र सांस्कृतिक भिन्नताका आधारमा यसको मात्रा र गुणमा भने फरक रहेको छ। पितृसत्ताले महिलाहरूलाई जन्मैदेखि विभेद गर्दै आएको छ। यसले गर्दा उनीहरू सामाजिक व्यवहार, शिक्षा, व्यक्तित्व विकास, सामाजिक सहभागिता, रोजगारी र सम्बन्धित क्षेत्रमा पछाडि परेका छन्। पितृसत्ताले महिलाहरूलाई कमजोर, कम वुद्धि भएका, निर्णय क्षमता नभएका र प्रकृतिले नै ठगेको जस्तो रूपमा हेर्ने गरेको तितो अनुभव हामी समक्ष छ।

पितृसत्ता भनेको प्रवृत्ति हो, यो मानिसको व्यवहारबाट अभिव्यक्त हुन्छ। त्यसैले



# महिला आन्दोलन पूरुष विरुद्ध होइन, पितृसत्ता विरुद्ध हो

पितृसत्तात्मक सोच र प्रवृत्ति पुरूषमा मात्रै होइन, महिलामा पनि रहेको हुन्छ। हाम्रो लडाई पुरूष विरुद्ध होइन, पितृसत्ता विरुद्ध हो भन्नेमा हामी स्पष्ट हुनुपर्दछ। पितृसत्ताले व्यक्ति र समाजको मानसिक, मनोवैज्ञानिक र शारीरिक पक्षमा असर गर्दछ, जसलाई सहजै र तुरून्तै हटाउन सकिदैन। यसको लागि लामै समय लाग्न सक्छ, तर प्रक्रियागत रूपमा सचेततापूर्वक, यसलाई हटाउदै जानुपर्छ, जसले सामाजिक मानसिकता र मनोविज्ञानमा नै परिवर्तन गर्न सकोस्।

पितृसत्तात्मक सोच र व्यवहारमा परिवर्तन गर्न सर्वप्रथम हाम्रो समाजमा विद्यमान पितृसत्ताको अवस्थाको पहिचान गर्नु पर्दछ। त्यसपछि, त्यसलाई क्रमशः हटाउदै लैजान विभिन्न चेतनामूलक अभियानमार्फत मानिसहरूको व्यक्तिगत र सामाजिक व्यवहारमा परिवर्तन गर्ने, नीति र कानूनहरूमा परिवर्तन गर्ने र प्रभावकारी कार्यान्वयनका लागि विभिन्न ढंगले कार्यक्रम र प्रयासहरू संचालन गर्ने प्रक्रियालाई निरन्तर प्रभावकारी बनाउदै लैजानु पर्दछ।

हामीले काम गर्ने श्रम क्षेत्रमा पनि पितृसत्तात्मक प्रवृत्ति कायम छ। यसलाई हटाउन र जेण्डर समान कार्यअवस्थाको निर्माण गर्न ट्रेड यूनियन र श्रमसंग सम्बन्धित संघ संस्थाको ठूलो भूमिका हुन्छ। श्रम क्षेत्रसंग सम्बन्धित रहेर महिला र पुरूषका बीचमा रहदै आएको विभेदलाई पहिचान गर्ने र त्यसको निराकरणको लागि सकारात्मक कदम चाल्ने काम यी संस्थाहरूले गर्नु पर्दछ। यसलाई प्रभावकारी बनाउनको लागि महिला श्रमिकहरूलाई संगठनको घेराभित्र ल्याउने, महिलाहरूलाई कार्यकर्ता र नेताको रूपमा विकास गर्ने र जिम्मेवारी दिदै जाने गर्नु पर्दछ। ट्रेड यूनियनहरूमा उनीहरूको व्यापक सहभागिताले मात्र व्यवहारिक रूपमा यस समस्याको समाधान हुन सक्दछ।

श्रमको असंगठित क्षेत्रमा महिलाहरूको व्यापकता आजको वास्तविकता हो। यस कुरालाई ध्यानमा राखी ट्रेड यूनियनहरूले अनियमित / असंगठित क्षेत्रका श्रमिकहरूको बीचमा आफ्नो कामलाई केन्द्रित गर्नु पर्दछ। श्रमिक महिलाहरूलाई संगठित गर्ने सन्दर्भमा सकेसम्म स्थापित यूनियनभित्रै विभिन्न तहमा महिला सहभागिता बढाउने र नीति निर्माण तहमा प्रभावकारी हस्तक्षेपको नीति समेत लिनुपर्दछ। यसका लागि परिस्थिति हेरी महिला विभाग वा कमिटी वा छुट्टै यूनियन बनाउन आवश्यक भए त्यसो पनि गर्न सकिन्छ।




देशभरीका सम्पूर्ण होटल, लज तथा रिसोर्टहरूमा १० प्रतिशत सेवा शुल्क लागू गराउनका लागि नेपाल स्वतन्त्र होटल मजदुर यूनियन र नेपाल पर्यटन तथा होटल श्रमिक संघको संयुक्त संघर्ष समितिको निर्माण भएको छ।

गत भाद्र १४ गते संयुक्त संघर्ष समितिको कार्यक्रम सार्वजनिक गर्न पत्रकार सम्मेलन गरेको थियो। भाद्र २८ गते १० प्रतिशत सेवा शुल्क लागू गरियोस् भनेर एक सूत्रीय माग श्रम मन्त्री समक्ष पेश गरेको थियो। यसका साथै सम्पूर्ण प्रतिष्ठानमा संयुक्त रूपमा मजदुरहरूले १ सूत्रीय माग पेश गरिसकेको छ। केन्द्रीय संघर्ष समितिले प्रतिष्ठानहरूमा भेला तथा प्रशिक्षणको कार्यक्रम राखिएको छ।

यो आन्दोलन लाई गति दिन यही कार्तिक २१ गते राजधानीमा विशाल मोटर साइकल र्‍यालीको आयोजना भएको छ। यसै वीच संयुक्त संघर्ष समिति, सरकार र व्यवस्थापन पक्ष वीच पटक पटक वार्ता पनि भई सकेको छ। पूर्व घोषित कार्यक्र अनुसार कार्तिक २८ देखि ३ गतेसम्म होटलहरूमा कालो पट्टी बाँधेर काम गर्ने थियो। पर्यटन मन्त्रीबाट थोरै समय पाएमा समस्यालाई वार्ता बाटै हल गर्न सकिने आग्रहलाई सम्मान गर्दै संयुक्त संघर्ष समितिले आफ्नो सिवरोघध र हडतालको कार्यक्रमलाई १ महीना पछि सारी सदासयता देखायो।

सरकारी तह बाट निर्णय भएमा दश प्रतिशत सेवा शुल्क लागुगर्न सोल्टी, अन्नपूर्ण, याक एण्ड यती, शंकर, द्वारिकाज भिलेज, हिमालय, समिट, लगायतका होटलहरूले आ–आफ्ना ओटलका यूनियनहरू संग सामुहिक सौदावाजीको समयमा लिखित प्रतिवद्धता व्यक्त गरि सकेका छन्। यति हुंदा हुंदै संचार माध्यमको दुरूपयोग र विषयको अपव्याख्या गरि राज्य, मजदुर र स्वयं व्यवसायिको समेत हित गर्ने सेवा शुल्कको विरोधमा होटल संघ नेपालका हाकिमहरू ज्यान फालेर किन लागि रहेका छन् रहस्यपूर्ण छ।

जानिफकारहरू भन्छन्– विशेषगरी हानको वर्तमान नेतृत्वमा रहेका कतिपय पदाधिकारीहरूको व्यवसाय पारदर्शी छैन। यो वा त्यो रूपमा उनीहरू राजश्व छल्ने र अन्य व्यवसायमा संलग्न छन्। केही गरी सेवा शुल्क लागुभएमा उनीहरूको पापको घैंटो फुट्न पनि सक्छ। त्यसैले उनीहरू हात धोएर यसको विरूद्धमा छन् र मजदुरहरूको आसन्न एकतावद्ध आन्दोलनलाई वाहिरी तत्वको उक्साहटमा भएको भन्ने हावादारी आरोप लगाउँदै छन्।

भिंगाको श्रापले डिंगा मर्दैन भन्छन्। हानका हाकिमहरूको षडयन्त्रले होटल मजदुरहरूको राष्ट्रिय आन्दोलन रोकिनेवाला छैन। जिफण्टले अन्तिम समयसम्म आन्दोलन सफलताको लागि संयुक्त संघर्ष समितिलाई साथ दिई रहने जनाएको छ।



# जिफन्टको शैक्षिक अभियान

नेपाल ट्रेड यूनियन महासंघले आफ्ना सदस्य यूनियनहरू बीच यूनियनको रणनैतिक योजना सम्बन्धी प्रशिक्षण अभियानलाई जारी राख्दै आएको छ। गत भदौ महिनामा यसले आफ्ना ८ वटा यूनियनहरू बीच यो कार्यक्रम संचालन गरेको छ।

जिफन्टको तेस्रो राष्ट्रिय महाधिवेशनबाट पारित नीति र कार्यक्रम माथिको छलफलमा केन्द्रित रहेको यस कार्यक्रमको दोस्रो पाटो गत वर्षको कामको मूल्यांकन गर्नुका साथै आगामी वर्षको लागि योजना बनाउने काममा केन्द्रित रह्यो।

यो चरणको कार्यक्रममा ८ वटा यूनियनहरूलाई चार समूहमा विभाजन गरिएको थियो। जसमध्ये, नेस्वटेगामयू र नेस्वहोमयूको भदौ ३-५, नेयास्वमसं र कृमसंघ-नेपालको भदौ १०-१२, नेस्वसमयू र नेस्वप्रेमयूको भदौ २२-२४ र नेस्वकेआमयू र नेस्वखापेमयूको भदौ २६-२८ मा कार्यक्रम सम्पन्न भयो। सम्पन्न प्रशिक्षण कार्यक्रममा जम्मा ६४ जना यूनियन नेता कार्यकर्ताहरूको सहभागिता थियो, जसमा महिला संख्या ८ थियो।

यी कार्यक्रमहरूमा शिक्षा विभागको तर्फबाट विन्दा पाण्डे, बुद्धि आचार्य, विदुर कार्की, नरनाथ लुईटेल र गोविन्द भट्टराई सहजकर्ताको रूपमा सहभागी थिए भने हरिदत्त जोशीलाई स्रोत व्यक्तिको रूपमा आमन्त्रण गरिएको थियो।

# सेवा क्षेत्रमा श्रमिक महिला कार्यशाला सम्पन्न




अधिकांश पढे लेखेका महिलाहरूको कार्य थलोको रूपमा रहेको सेवा क्षेत्र अन्तर्गतका संस्थानहरू दूरसंचार, खानेपानी, विद्युत प्राधिकरण, शाही औषधि, नेपाल बैंक, राष्ट्र बैंक, बाणिज्य बैंक, नेराशिसं र निजामती क्षेत्रका गरी जम्मा २५ जनाको सहभागितामा एक प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । यी क्षेत्रमा तुलनात्मक रूपमा महिलाहरूको सहभागिता राम्रो रहे तापनि यूनियन आन्दोलनमा उनीहरूको सहभागिता उत्साहजनक देखिंदैन। यसर्थ यस क्षेत्रमा कार्यरत महिलाका के कस्ता समस्या रहेका छन् र ती समस्या समाधानको लागि यूनियनले कतिको चासो देखाएको छ भन्ने विषयमा छलफल गर्ने उद्देश्यले जिफन्टको हलमा सेवा क्षेत्रमा कार्यरत श्रमिक महिलाको बीचमा गत असोज १३- १४ गते एउटा कार्यशाला सम्पन्न भएको छ।

कार्यक्रममा श्रम क्षेत्र र महिला, नेपालको ट्रेड यूनियन आन्दोलनको संक्षिप्त चिनारी, सेवा क्षेत्रमा श्रमिक महिलाका समस्याहरू, सामूहिक सौदावाजीमा उठाइएका र उठाउनुपर्ने महिलाका विषयहरू, हाम्रो कार्य क्षेत्रमा हुने दुरूत्साहन र यूनियनको दायित्व तथा ट्रेड यूनियन आन्दोलनको इतिहासमा महिला सहभागिता विषयमा छलफल गरिएको थियो।

यस कार्यक्रममा आयोजक तथा स्रोतव्यक्तिका रूपमा आइआरएफका नारायण मानन्धर, जिफन्टका महासचिव विष्णु रिमाल, शिक्षा विभागका विन्दा पाण्डे, बुद्धि आचार्य, केमममविका विना श्रेष्ठ र पेम्वा लामाको सहभागिता थियो। कार्यक्रम जिफन्ट-आइआरएफको संयुक्त आयोजनामा सम्पन्न भएको थियो।

# केमममविको गतिविधि

केन्द्रीय महिला मजदुर विभाग-जिफन्टले भाद्रदेखि आफ्नो विभागको प्रशिक्षण र गठन पुनर्गठनको कामलाई अभियानको रूपमा अगाडि बढाउँदै आएको छ। जिफन्टको तेस्रो महाधिवेशनले पारित गरेको विधान अनुसार १० वटै अंचलमा अंचल विभाग गठन गर्ने सिलसिलामा अंचल स्तरीय महिला प्रशिक्षण कार्यक्रम पनि सम्पन्न भएको छ।

यस प्रशिक्षण कार्यक्रममा मूल रूपमा ट्रेड यूनियन आन्दोलनको इतिहास, जिफन्टको संरचना, नीति र कार्यक्रम, केमममविको संरचना, काम र विभाग संचालन सम्बन्धी विषयहरू राखिएको थियो। कार्यक्रममा केमममविका प्रमुख बिना श्रेष्ठ, सदस्य पेम्वा लामा, शिक्षा विभाग प्रमुख बिन्दा पाण्डे, सदस्यहरू त्रिविक्रम ज्ञवाली, दिनेश राई, गोविन्द भट्टराई र नरनाथ लुंईटेलको सहभागिता थियो।

भाद्र १ र २ गते बागमती अंचलवाट शुरू भएको प्रशिक्षण कार्यक्रम भाद्र ७-८ मेची, ९-१० कोशी, १२-१३ बीरगंज, २८-२९ मकवानपुर, भाद्र ३१ र असोज १ पोखरा, कार्तिक १-२ उदयपुर र १५-१६ गते बुटवलमा मा सम्पन्न भएको छ। ८ वटा अंचलमा सम्पन्न प्रशिक्षण कार्यक्रमबाट जम्मा १६६ जना ट्रेड यूनियन कार्यकताहरू प्रशिक्षित भएका छन्, जसमध्ये १२८ जना महिला र ३८ जना पुरुष थिए।

प्रशिक्षण कार्यक्रमको साथसाथै यी सबै अंचलमा क्रमशः शान्ति जिरेल, सुकमती देवान, अमला श्रेष्ठ, मञ्जु थापा, सिता बिडारी, हिरू पुन, गोमा विष्ट र रेनुका पाण्डेको संयोजकत्वमा अंचल विभागहरू गठन भएका छन्।

यी प्रशिक्षण तथा विभाग गठन कार्यक्रममा सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजक र अंचल अध्यक्षहरूको सहभागिता रहेको थियो।

## राष्ट्रिय प्रशिक्षण

केममविको अंचलस्तरीय प्रशिक्षण कार्यक्रम तथा विभाग गठन अभियानको पहिलो चरण सकिएपछि प्रत्येक अंचल विभागबाट संयोजकसहित तीन जनाको सहभागिता रहने गरी गत असोज ७-९ गते काठमाडौंमा राष्ट्रिय स्तरको प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। सहभागीहरूलाई आ-आफ्नो अंचलमा विभाग संचालन गर्न सक्षम बनाउने उद्देश्यले आयोजना गरिएको यस कार्यक्रमको उद्घाटन जिफन्टका महासचिव विष्णु रिमालले गर्नु भएको थियो।

यस कार्यक्रममा जिफन्टको लक्ष्य, उद्देश्य, नीति र कार्यक्रम, केममवि र महिला आन्दोलन, नेपाली ट्रेड यूनियन आन्दोलनको अवस्था र सामूहिक सौदावाजी विषयमा प्रशिक्षण गरिएको थियो। कार्यक्रमको अन्तिम सत्रमा अंचल महिला विभागको आगामि ६ महिनाको कार्यक्रममाथि छलफल गरी तय गरिएको थियो।

२७ जना महिला र ५ जना पुरूष गरी ३२ जनाको सहभागिता रहेको यस कार्यक्रममा केममविको प्रमुख बिना श्रेष्ठ र सदस्य पेम्वा लामा, शिक्षा विभाग प्रमुख बिन्दा पाण्डे, सदस्य नरनाथ लुइटेल र गोविन्द भट्टराई प्रशिक्षकको रूपमा रहनु भएको थियो।

## अन्तरराष्ट्रिय कार्यक्रममा जिफन्टको सहभागिता

**अगस्ट** २६-२९, २००० श्रीलंकाको कोलम्बोमा डव्लुसिएलको आयोजनामा "रोजगारी नीति र ट्रेड यूनियन" विषयक क्षेत्रीय सेमिनार सम्पन्न भयो। उक्त कार्यक्रममा नेपालको तर्फवाट राष्ट्रिय कमिटीका सदस्यहरू दिपक पौडेल र धर्मानन्द पन्तले भाग लिनुभएको थियो।

**सेप्टेम्वर** ३-१०,२००० मा वेलायतमा डिएफआइडिको "बालमजदुर सम्बन्धी अनुसन्धान र दक्षिण एसियाली अध्ययन सम्मेलन" सम्पन्न भयो। उक्त कार्यक्रममा जिफन्टका राष्ट्रिय पार्षद जितेन्द्र जोंछे सहभागी हुनुभयो।

**सेप्टेम्बर** ४-६,२००० मा आइएलओको आयोजनामा काठमाडौंमा "बगानहरूमा बालश्रम" विषयमा दक्षिण एशियास्तरीय कार्यशाला सम्पन्न भयो। यस कार्यक्रममा विदेश विभाग प्रमुख उमेश उपाध्याय तथा नेपाल स्वतन्त्र चिया मजदुर यूनियनका केन्द्रीय सचिव भरत राई सहभागी हुनुभयो।

**सेप्टेम्वर** ९-१२, २००० मा फिलिपिन्सको मनिलामा आइएफविडव्लुडव्लुको एसिया प्यासिफिक स्तरिय "योजना कार्यशाला तथा महिला र अनौपचारिक क्षेत्र" विषयको सेमिनार सम्पन्न भयो। उक्त कार्यशालामा जिफन्टका राष्ट्रिय कमिटी सदस्य जितेन्द्र श्रेष्ठ र केममवि सदस्य अमला श्रेष्ठले भाग लिनुभयो।

**सेप्टेम्वर** ११-१३, २००० मा आाईएलओको आयोजनामा इइओडब्लु परियोजनाको एशिया प्रशान्त स्तरीय मूल्यांकन कार्यक्रम इण्डोनेसियाको जाकार्तामा सम्पन्न भयो। उक्त कार्यक्रममा जिफन्टको तर्फबाट महासचिव बिष्णु रिमाल सहभागी हुनुभयो।

**सेप्टेम्बर** २-६, २००० मा एपिओको उत्पादकत्व सम्बन्धी सेमिनार सिंगापुरमा सम्पन्न भयो। उक्त कार्यक्रममा जिफन्टका तर्फवाट नेस्वहोमयूको केकस केदार प्रसाद अर्याल सहभागी हुनुभयो।

**अक्टोवर** २-५, २००० मा आइसिइएमको एसिया प्यासिफिक कमिटीको बैठक सिंगापुरमा बस्यो। उक्त वैठकमा जिफन्टका राष्ट्रिय कमिटी सदस्य जनक चौधरीले भाग लिनुभयो।

**अक्टोबर** १५-१६,२००० मा बंगलादेशको ढाकामा "पिपुल्स ग्लोवल एक्सन" विषयक सेमिनार सम्पन्न भयो। उक्त कार्यक्रममा जिफन्टको तर्फवाट राष्ट्रिय कमिटी सदस्य मधुसुदन खतिवडा सहभागी हुनुभयो।

**अक्टोवर** १३-१७,२००० दक्षिण कोरियाको सिउलमा "ग्लोवलाइजेसन र इन्फर्मलाइजेसन" विषयमा महिलाहरूको एसिया यूरोप मिटिङ्ग सम्पन्न भयो। उक्त कार्यक्रममा जिफन्टका शिक्षा विभाग प्रमुख बिन्दा पाण्डेले भाग लिनुभयो। त्यसको लगत्तै अक्टोवर १८-१९ मा भएको आसेम पिपुल्स फोरममा पनि उहाँ सहभागी हुनुभयो।

**अक्टोवर** २४-२६, २००० मा आइएलओको आयोजनामा भएको "बालश्रम निर्मूलन सम्बन्धी अनुगमन" विषयक सेमिनार बंगलादेशको ढाकामा सम्पन्न भयो। उक्त कार्यक्रममा जिफन्टका राष्ट्रिय कमिटी सदस्य बुद्धि आचार्य सहभागी हुनुभयो।

## पेट्रोलिम पदार्थको मूल्य वृद्धि तुरुन्त फिर्ता गर

नेपाल आयल निगमले गएको असोज २८ गते मध्य रातदेखि पेट्रोलिम पदार्थमा १७ प्रतिशत देखि १०० प्रतिशतसम्म मूल्य वृद्धि गरेपछि मुलुक आन्दोलित र आक्रोशित हुन पुगेको छ। प्रमुख प्रतिपक्ष नेकपा (एमाले) लगायत सबै बामपन्थी पार्टीहरू, अन्य राजनीतिक पार्टीहरू, उपभोक्ता मंच सबैले मूल्य वृद्धि फिर्ताको माग गर्दै संघर्षको मैदानमा उत्रेका छन्। ठूलठूला जुलुस, आमसभा, चक्काजाम तथा बन्द कार्यक्रमहरू भइरहेका छन्।

अन्तरराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको, छिमेकी राष्ट्र भारतले पेट्रोलियम पदार्थमा मूल्य वृद्धि गरेको र डलरको तुलनामा नेपाली मुद्राको अवमूल्यन भएको बहाना बनाउँदै गरेको श्री ५ को सरकारको यस मूल्य वृद्धिले सीमित आम्दानी भएका गरीब, जनसाधारणहरूलाई राहत हैन आहत भएका छन्। यस पटकको मंहगाइमा धनाढ्य वर्गले ज्यादा प्रयोग गर्ने पेट्रोलमा १७ प्रतिशत मात्र वृद्धि गरिएको छ। जबकि गरीब जनताले ज्यादा प्रयोग गर्ने मट्टितेलमा शतप्रतिशत भाउ बढाइएको छ। गरीब जनतालाई राहत दिएको जस्तो गरी महिनाको ५ लिटर

# कृषि मजदुरहरू संगठन सदृढकिरणमा



कृमसंघ, नेपालको जिल्ला सम्मेलनहरू भव्य रूपमा सम्पन्न

लामो समयदेखि दास जस्तो जीवन गुज्रिरहेका कमैयाहरू कृषि मजदुर संघ, नेपालमा संगठित हुँदैछन्। उनीहरूकै सक्रियतामा कमैया क्षेत्रका जिल्लाहरू कैलाली र कञ्चनपुरमा कृमसंघ नेपालको जिल्ला सम्मेलनहरू भव्यताका साथ सम्पन्न भएको छ। कैलाली जिल्लाको टिकापुर नगरपालिकामा २०५७ असोज २७ गते मुक्त कमैयाहरू र कृषि मजदुरहरूको भव्य जुलुस र नाराले नगर घन्काए। त्यसपछि भव्य समारोहका बीच कैलालीको पहिलो जिल्ला सम्मेलनको उद्‌घाटन नेकपा (एमाले) का केन्द्रीय सदस्य क. भीम रावलले गर्नुभयो। क. भीम रावलले उद्‌घाटन मन्तव्य दिँदै भन्नुभयो – "नेकपा (एमाले) गरीब दुखीहरूको पार्टी हो। कमैया मुक्तिको सवालमा पनि यसले संसदमा स्थगन प्रस्ताव दर्ता गरी दवाव सिर्जना गरेको थियो।" समारोहमा नेकपा (एमाले) का अर्का केन्द्रीय सदस्य क. राजेन्द्र पाण्डेले भन्नुभयो – "कमैया मुक्तिको निमित्त नेकपा (एमाले) ले नाजायज सौंकी खारेजीको प्रस्ताव सार्वजनिक लेखा समिति मार्फत पेश गरी सरकारलाई निर्देशन दिन काम गरेको थियो।"

नेपाल ट्रेड यूनियन महासंघका उपाध्यक्ष तथा कृमसंघ, नेपालका केन्द्रीय अध्यक्ष क. ललित बस्नेतले पनि उक्त समारोहमा सम्बोधन गर्नुभएको थियो। वहाँले कृषि मजदुरहरू असचेत र असंगठित भएकै कारणले चर्को शोषणमा परको कुरा उल्लेख गर्नु भयो र भन्नुभयो– कृषि मजदुरहरूलाई सरकारले तोकेको ज्याला र तोकेको समय कार्यान्वयन गर्न कृषि मजदुरहरू सचेत र संगठित गर्ने कृमसंघ, नेपालको कार्यक्रम अनुसार जिल्ला सम्मेलनहरू भइरहेको कुरा बताउनुभयो।

समारोहमा कमैयाहरू हेलुराम चौधरी र शुकदैया देवी चौधरी लगायत उद्‌घाटन समारोहमा आमन्त्रित अतिथिहरू नेकपा (एमाले) कैलाली जिल्ला सचिव मोहन सिं राठौर, अनेकिसंघ जिल्ला अध्यक्ष टेक बहादुर बम, कृमसंघ, नेपाल केन्द्रीय सदस्य प्रेम पराजुली र फिरूलाल चौधरी, एमाले पार्षद गरिमा शाह, हिमाञ्चल भट्टराई, टिकापुर विकास समितिका अध्यक्ष गंगाबहादुर कुँवर, शिक्षक संगठन कैलालीका पूर्व अध्यक्ष यज्ञमूर्ति अर्याल र नगर प्रमुख रत्न प्रसाद संजेलले आ–आफ्नो मन्तव्य व्यक्त गर्नुभयो। समारोहमा कृषि मजदुरहरूले गीत तथा नृत्य पनि प्रस्तुत गरेका थिए।

त्यसै गरी महेन्द्र नगरमा असोज २९ गते सम्पन्न कञ्चनपुर जिल्ला सम्मेलनको उद्‌घाटन कृषि मजदुर संघ, नेपालका अध्यक्ष तथा नेपाल ट्रेड यूनियन महासंघका उपाध्यक्ष क. ललित बस्नेतले गर्नुभएको थियो। कृषि मजदुरहरूको नारा सहितको एक भव्य जुलुसले नगर परिक्रमा पछि सम्पन्न भएको सो उद्‌घाटन समारोहमा राष्ट्रिय सभाका सांसद क. लाल बहादुर विश्वकर्मा, नेकपा (एमाले) अंचल सचिव क. राम कुमार ज्ञवाली, नेकपा एमाले जिल्ला उपसचिव तथा जिविस उपसभापति क. राजेन्द्र सिं रावल, कृमसंघ, नेपालका केन्द्रीय सदस्य कुलवीर चौधरी, फिरूलाल चौधरी, जिल्ला अध्यक्ष राम प्रसाद चौधरी तथा प्रेम पराजुली, अनौपचारिक सेवा केन्द्र इन्सेकका क्षेत्रीय संयोजक दीप सिलवाल तथा कमैयाहरू भागीराम चौधरी, सीता देवी राजगुरू र पुरनदेवी चौधरीले सम्मेलनमा आ आफ्नो शुभकामना मन्तव्य दिनुभएको थियो।

सम्मेलनले कैलालीमा राम प्रसाद चौधरीको अध्यक्षतामा र कञ्चलनपुरमा वीर बहादुर चौधरीको अध्यक्षतामा ११/११ सदस्यीय जिल्ला कमिटी निर्माण गर्नुका साथै कमैया मुक्तिको घोषणा भएको ३ महिना बितिसक्दा पनि सरकारले थातवासको व्यवस्था नगरेको, कृषि मजदुरको तोकिएको ज्याला व्यवहारमा कार्यान्वयन नभएको, कृषि क्षेत्रमा महिला पुरूषमा भेदभाव कायमै भएको, पेट्रोलियम पदार्थमा मूल्य वृद्धिको विरोध गर्नुका साथै कृषि मजदुरका बालबालिकालाई माध्यमिक तहसम्म निःशुल्क शिक्षाको पनि जोडदार माग गरिएको थियो।

---

मट्टितेल एक परिवारलाई रासन कार्डबाट दिने भन्ने पनि स्वाङ पारिएको छ। यस्तो स्वाङले गरीब जनतालाई राहत मिल्ने छैन। पेट्रोलियम पदार्थमा भएको महंगीले ढुवानी खर्च समेत बढेको छ। यसले सम्पूर्ण उपभोग्य सामानमा मूल्य वृद्धि भइसकेको छ। यसले मूल्य नियन्त्रण गर्ने, गरिबी निवारण गर्ने कांग्रेसी सरकारको गफ माथिको पर्दा उठाएको छ। यस मूल्य वृद्धिले मजदुरहरूलाई सबैभन्दा बढी प्रभाव परेको छ। नेपाल ट्रेड यूनियन महासंघ यस मूल्यवृद्धिको विरोधमा छ, श्री ५ को सरकारले यो मूल्य वृद्धि तुरून्त फिर्ता गर्नु पर्छ भन्ने जोडदार माग गर्दछ।



# चौथो राष्ट्रिय सम्मेलन पछिको नेस्वमयू

नेपाल ट्रेड यूनियन महासंघको पहिलो घटक यूनियन नेपाल स्वतन्त्र मजदुर यूनियनको चौथो राष्ट्रिय सम्मेलन गत २०५७ भाद्र २४ गते बारा जिल्लाको औद्योगिक स्थल सिमरामा सम्पन्न भयो। महासंघका अध्यक्ष क. मुकुन्द न्यौपानेले उद्घाटन गर्नुभएको सो सम्मेलनको नारा “उठौं जागौं एक्काइसौं शताब्दिलाई मजदुरहरूको विजयको शताब्दिमा परिणत गरौं” भन्ने थियो।

नेपाल स्वतन्त्र मजदुर यूनियन २०३५/०३६ को विद्यार्थी आन्दोलनको जन उभारसँगै संघर्षको मैदानमा उत्रिएका विभिन्न औद्योगिक क्षेत्रका स्वतन्त्र मजदुरहरूद्वारा स्थापित यूनियन हो। मजदुर आन्दोलनको क्षेत्रमा नेस्वमयूको नामले चर्चित यस यूनियनको आफ्नै संघर्षको लामो इतिहास छ। यसको नेतृत्वमा सम्पन्न २०३६ सालको बालाजुको मजदुर हड्ताल, २०३९ सालको देशव्यापी मजदुर हड्ताल लगायत थुप्रै आन्दोलनहरू उल्लेखनीय छ। २०४६ सालको जन आन्दोलनमा पनि यस यूनियनले खुल्ला समर्थन गरी आन्दोलनमा उत्रेको थियो।

यस यूनियनको पहिलो राष्ट्रिय भेला २०३६ साल माघ १५-१८ मा देशभरिका औद्योगिक क्षेत्रका मजदुर प्रतिनिधिहरू भेला सम्पन्न भएको थियो। यसै भेलाले नेस्वमयूको स्थापना गर्‍यो। शुरूमा होटल, प्रेस, गलैंचा, गार्मेन्ट, सफाइ आदिलाई पनि यसै यूनियनमा थिए । हाल यस यूनियनमा साना ठूला औद्योगिक प्रतिष्ठानहरू जस्तै छाला कारखाना, काठको फर्निचर, प्लाइउड, बोडर्स, कलर ल्याव, ईंटा उद्योग, चलचित्र, ड्राइक्लिनर्स, ढुंगा कंक्रिट, खानी, चुरोट आदि उद्योगका मजदुरहरू संगठित छन्।

यस यूनियनको पहिलो राष्ट्रिय सम्मेलन २०४५ साल माघ १५-१८ मा भएको थियो। मजदुरहरूको हक, हित र अधिकारको रक्षा गर्ने, मजदुरहरूले भोग्नु परेका शोषण दमन र उत्पीडनको विरोध गर्ने, मजदुरहरूको चेतना स्तर उठाउने र ट्रेड यूनियन आन्दोलनलाई सशक्त रूपमा अघिबढाउने काममा लागिपरेको छ। यस चौथो सम्मेलनले पनि यस यूनियनले संगठन सुदृढीकरण, मजदुरहरूको माग व्यवस्थित गर्ने, औद्योगिक शान्ति कायम गर्ने जस्ता विभिन्न प्रस्ताव तथा आगामी कार्यक्रमहरू पारित गरी क. दिनेश राईको अध्यक्षतामा १५ सदस्यीय केन्द्रीय कमिटीको निर्माण गरेको छ।

आशा गरौं यस यूनियनले मजदुरहरूको हकहित तथा अधिकारको सुरक्षा र ट्रेड यूनियन आन्दोलनलाई सशक्त रूपमा अघि बढाउन सदा झैं आफ्नो क्रान्तिकारी कदम चालि रहुन् यही नै नयाँ कमिटीलाई शुभकामना।



# मालेः फेरि किर्ते खेती गर्न थाले

माले गुटको मजदुर शाखा इकोन्ट दर्ता गर्नका लागि फेरि एक पटक नक्कली हस्ताक्षर एवं सिफारिस श्रम विभागमा पेश भएको छ। विभिन्न नामका ९ यूनियनहरू दर्ताको लागि पेश गरिएको त्यस कागजात नक्कली रहेको र जिफन्टसंग आबद्ध कतिपय यूनियनका सदस्यको नाम समेत त्यसमा संलग्न गरिएकोले जिफन्टका यूनियनहरूले त्यसको विरूद्ध दावी विरोध पेश गरेको छ।

इकोन्ट अन्तर्गतका ती कथित यूनियन दर्ताका लागि पेश गरिएका स्वीकारोक्ति पत्रमा हस्ताक्षर गर्ने र ल्याप्चे लगाउने व्यक्तिहरूको संख्या १० भन्दा बढी छैन र उनीहरूले विभिन्न व्यक्तिको नाममा हस्ताक्षर गरेका छन् उक्त कुरा हस्ताक्षर विशेषज्ञ समक्ष जाँच गर्न पठाउने हो भने स्पष्ट हुन्छ।

इकोन्टले किर्ते हस्ताक्षर मात्र गरेन। त्यस किर्तेहस्ताक्षरलाई माले समर्थक जिविस सभापतिहरूद्वारा प्रमाणित गराउने काम समेत गरेको छ। यसरी किर्तेहस्ताक्षर सही हो भने प्रमाणित गर्ने जिविस सभापतिहरूमा काठमाडौंका सानु श्रेष्ठ, नुवाकोटका भरत खड्का, चितवनका विष्णु घिमिरे छन्। तिनीहरू उपर समेत किर्तेएवं जालसाजी गरेको भनी मुद्दा दायर गरिने भएको छ।

यसै गरी विराटनगर उपमहानगरपालिका, बीरगंज उपमहानगरपालिका, जनकपुर नगरपालिका, जलेश्वर नगरपालिका र बुटवल नगरपालिकाको छाप नक्कली बनाइएको छ। जनकपुर नगरपालिकाको उपप्रमुखको किर्ते हस्ताक्षर गरिएको छ। बीरगंज, बिराटनगर र बुटवलको वडाध्यक्ष भनी हस्ताक्षर गर्ने त्रिलोचन, चुकनारायण र प्रमोद नामगरेका व्यक्तिहरू उक्त नगरमा वडाध्यक्ष नै नभएको सम्बन्धित नगरपालिकाहरूले प्रमाणित समेत गरि सकेका छन्।

# मजदुर सिनेमा

गत महिना राजधानीका केही सिनेमा हलहरूमा मजदुर सिनेमा चलेको थियो। मजदुर सिनेमाको विज्ञापनमा "मजदुरहरूको शोषणको विरूद्ध मजदुरहरूको संगठित आवाज" "विश्वका मजदुरहरू एकजुट हौं" भन्ने नारा घन्काइएको थियो। श्रमिक खवरलाई यस विज्ञापनले आकर्षण गऱ्यो।

मजदुरको शोषणको विरूद्धमा, मजदुरहरू एकजुट हुनुपर्ने विषयलाई लिएर सिनेमा बनेकोमा सकारात्मक नै मान्नु पर्दछ। अझ विश्वका मजदुरहरू एक हौं नारा समेत त्यसमा उल्लेख हुनुलाई प्रशंसा गर्नै पर्छ।

सिनेमाको विषयवस्तु अनुसार पहिलो दृश्यमा नै एक जना ठूलो पूँजीपतिले मजदुरहरूलाई गरेको अन्यायका दृश्यहरू देखाएको छ। मजदुरहरूले प्रतिकार गर्न नसकेको, एउटै परिवार मात्रै त्यस प्रतिकारमा उत्रेको आदि दृश्यहरू छन्। पूँजीपतिको परिवारको एकजना महिला सदस्यलाई यो अन्याय असह्य हुन्छ। उनले एकजना बलियो मान्छेको सहारा लिन्छिन्। त्यो बलियो मान्छेले मजदुरहरूलाई बचाउँछ। एकजुट हुनुपर्छ भनेर सिकाउँछ। मजदुरहरू बलिया हुन्छन्। बलियो मान्छे र पूँजीपतिको छोरीको बिहे हुन्छ। उनीहरू उक्त पूँजीपतिको नजरबाट टाढा हुन खोज्छन्। ती जोडीले धेरै दुख पाउँछन्। दुवैले मजदुरी गर्छन्। पूँजीपतिले उनीहरूलाई अचाक्ली दुख दिन्छ। मजदुरहरूले तिनीहरूलाई सहयोग गर्छन्। कथा यस्तै छ। कथामा विषय वस्तुभन्दा पनि अनावश्यक दृश्यहरू बढी प्रस्तुत गरिएको छ। जुन विषयवस्तु संग विलकुल मेल खाँदैन, अव्यवहारिक र काल्पनिक छ। कतै सिनेमाले मजदुरको नाममा यसको उल्टो प्रभाव त पार्ने हैन?






२०५२ सालदेखि नेपाल ट्रेड युनियन महासंघले "ट्रेड यूनियन अधिकार" को प्रकाशन आफ्नो नियमित काम अन्तरगत पार्दै आएको छ। सामान्यतया यसमा वर्षभरीमा श्रम क्षेत्र र श्रमिक अधिकारका विभिन्न सूचनाको संगालोका रूपमा निस्कने यस प्रकाशनको यस वर्षको रूप भने अलि फरक छ।

यस वर्ष निस्किएको "ट्रेड यूनियन अधिकार" मा विगत १० वर्षमा हाम्रो श्रम क्षेत्रमा भएको परिवर्तनलाई खोज्ने काम भएको छ। प्रजातन्त्रपछिको १० बर्षले नेपाली मजदुर वर्गलाई के दियो? राजनीतिक क्षेत्रको एक दशक लामो खुल्लापनले श्रमजीवी वर्गको जीवनमा कस्तो प्रभाव पार्‍यो? के वर्तमान परिवर्तन अपेक्षा गरिए बमोजिम छ? वा, यो परिवर्तनले नकारात्मक दिशातर्फ हाम्रो जीवनलाई घिसारीरहेको त छैन ? यिनै प्रश्नमा आधारित तथ्यमूलक सूचनाको पूर्ण रूप हो ट्रेड यूनियन अधिकार ।

पाठक प्रतिको लागि सम्पर्क:
जिफण्ट केन्द्रीय कार्यालय